जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १० अंक २९, २०७८ साल फागुन ६ गते शुक्रबार, नेपाल संवत् ११४२ (Feb. 18, 2022) Website : www .greaternepal .com .np
मूल्य रु. १० ।–


## प्रदूषणबाट हरेक वर्ष ९० लाखको मृत्यु

जेनेभा । राज्यहरू र कम्पनीहरूले गर्ने प्रदूषणका कारण हुने विश्वव्यापी मृत्यु कोभिड १९ का कारण हुने मृत्युभन्दा बढी भएको राष्ट्रसंघको वातावरणीय प्रतिवेदनले जनाएको छ । मंगलबार प्रकाशित सो अध्ययनले केही विषाक्त रसायनहरू नियन्त्रण गर्न 'तत्काल र महत्वाकांक्षी कार्य' का लागि आह्वानसमेत गरेको छ ।

विषादी, प्लाष्टिक तथा विद्युतीय फोहोरका कारण चैतर्फी मानवअधिकारको उल्लंघन र समय नपुगी हरेक वर्ष बाँकी ८ पेजमा

## आईओसीले पठायो नयाँ सूची

काठमाडौं । अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य बढिरहेकाले इण्डियन आयल कर्पोरेशन (आईओसी) ले बढाएर नयाँ मूल्य सूची पठाएको छ । नेपाल आयल निगमका अनुसार विश्वमा कच्चा तेलको मूल्य झण्डै अमेरिकी डलर ९० देखि ९६ प्रति व्यारेल पुगिसकेको अवस्थामा इण्डियन आयल कर्पोरेशनले आज नयाँ मूल्य सूची पठाएको हो ।

आईसीले पठाएको सूची अनुसार प्रति लिटर पेट्रोल ५.६१, डिजेल ५.६२ र हवाई इन्धनमा ४.९५ ले बढेर आएको निगम जनाएको छ । नयाँ मूल्य अनुसार बाँकी ८ पेजमा

# एमसीसीले उथलपुथल नेपालको राजनीति

न्युज ब्युरो

काठमाडौं । राष्ट्रघाती एमसीसी सम्झौता संसदबाट अनुमोदन गराउने विषयमा सत्तारुढ गठबन्धनका दलहरूबीच अझै मतैक्य हुन सकेको छैन । सत्ताको नेतृत्व गरिरहेको नेपाली कांग्रेस एमसीसीलाई हुबहु पारित गराउन खोजिरहेको छ । एमसीसी नेपालको राष्ट्रिय स्वतन्त्रता र सार्वभौमिकतालाई आँच पुऱ्याउने प्रकृतिको रहेको जान्दाजान्दै पनि कांग्रेस सभापतिसमेत रहेका प्रधानमन्त्री शेरबहादुर देउवा जसरी पनि आज बस्ने प्रतिनिधिसभा बैठकमा एमसीसीलाई टेबल गराउने पक्षमा छन् । तर संसदको कार्यव्यवस्था परामर्श समितिमै एमसीसीबारे फरक मत आउनु र प्रमुख प्रतिपक्षी दल एमाले अनुपस्थित हुनुले एमसीसी सहजै पास हुनेमा भने प्रधानमन्त्री स्वयं ढुक्क देखिँदैनन् ।




एमसीसीविरुद्ध सडक तात्न थालेपछि सत्तागठबन्धनमा रहेका माओवादी केन्द्र र एकीकृत समाजवादी तत्काल यसलाई अनुमोदन नगर्ने अडानमा देखिएका छन् । माओवादीको केन्द्रीय कार्यालयको विस्तारित बैठक र संसदीय दलले त एमसीसीलाई पास गरेर सन्धि बराबरको मान्यता दिन नहुने औपचारिक निर्णय नै गरिसकेको छ । एकीकृत समाजवादीका भातृसंगठनहरू एमसीसीविरुद्ध सडक आन्दोलनमा उत्रिसकेका छन् । माओवादी केन्द्रका भातृसंगठनहरू पनि एमसीसीविरुद्ध जेहाद छेडिरहेका छन् । सत्तागठबन्धनमा सामेल जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव पनि यथास्थितिमा एमसीसी अनुमोदन गर्ने पक्षमा छैनन् । तर संघीय परिषद् अध्यक्ष डा. बाबुराम भट्टराई भने एमसीसी चाँडो कार्यान्वयनमा आउनुपर्नेमा जोड दिइरहेका छन् । जनमोर्चा भने एमसीसीको सुरु अवस्थादेखि नै विपक्षमा उभिँदै आएको छ ।

प्रमुख प्रतिपक्षी दल एमाले 'पर्ख र हेर' को रणनीतिमा देखिएको छ । त्यसो त केपी ओली प्रधानमन्त्री हुँदा उनले एमसीसीलाई संसदबाट पारित गराउन भरमग्दुर प्रयास नगरेका होइनन् । तर तत्कालीन सभामुख कृष्णबहादुर महराले यसलाई कार्यसूचीमै राखेनन् भने त्यसपछिका सभामुख अग्निप्रसाद सापकोटाले पनि महराकै विरासत थामे । एमसीसीको विषयले नै तत्कालीन नेकपा विभाजित नै हुन पुग्यो यद्यपि सर्वोच्चको फैसलाले भन्ने बहानाबाजी सजिलो भयो । ०६८ सालदेखि सम्झौताका विभिन्न प्रक्रियामा सहभागी दलहरू संसदीय अनुमोदनमा भने सकारात्मक हुन सकेका छैनन् । डा. बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा अनुदान प्राप्त गर्न थालेको प्रक्रिया खिलराज रेग्मी, सुशील कोइराला, केपी शर्मा ओली, पुष्पकमल दाहाल प्रचण्ड, शेरबहादुर देउवा हुँदै अघि बढेको हो । त्यसपछि एमसीसी र सरकारबीच २०७४ भदौ २९ गते सम्झौता भएको थियो । त्यतिबेला पनि देउवा नै प्रधानमन्त्री थिए । सरकारले सम्झौता अनुमोदन गर्न २०७६ असार ३० मा संसदमा दर्ता गरेको थियो । त्यतिबेला प्रधानमन्त्री ओली थिए । तर कतिपय बुँदाप्रति दलहरूबीच चर्को विवादका कारण सम्झौता संसदमै अड्कियो । अहिले अमेरिकाले फागुन १६ भित्र अनुमोदन गरिसक्नुपर्ने डेटलाइन दिएको छ ।

एमसीसी सञ्चालक समितिको सन् २०१७ अगस्टमा बसेको बैठकले नेपाललाई ५० करोड डलरको अनुदान सहयोग गर्ने प्रस्ताव स्वीकृत गरेको थियो । नेपालको तर्फबाट तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र एमसीसीका तर्फबाट कार्यवाहक सिइओ जोनाथन नाशले हस्ताक्षर गरेका थिए । केपी ओली प्रधानमन्त्री हुँदाका अर्थमन्त्री डा. युवराज खतिवडाले सन् २०१९ सेप्टेम्बर २९ मा कार्यक्रम कार्यान्वयन सम्झौतामा हस्ताक्षर गरेका थिए । उक्त परियोजनाका लागि सन् २०१९ मा छनोट भएको थियो । एमसीसीबाट अनुदान सहायता प्रदानपछि सम्बन्धित राष्ट्रले त्यसको व्यवस्थापन कार्यान्वयन तथा अनुगमन गर्नुपर्ने हुन्छ । यसको लक्षित उपलब्धि प्राप्त गर्न गठन गरिने निकायलाई मिलेनियम च्यालेन्ज एकाउन्ट - एमसिए) भनिन्छ । मन्त्रिपरिषद्को निर्णयअनुसार २०७५ वैशाख ५ गते नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विकास समिति ऐन २०१३ अनुसार छुट्टै विकास समितिका रुपमा मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसिए नेपाल) गठन गरिएको छ ।

एमसीसीअन्तर्गत अमेरिकी सरकारले ५० करोड डलर (५५ अर्ब रुपैयाँ) अनुदानस्वरुप उपलब्ध गराउने भनिएको छ । नेपालका तर्फबाट १३० मिलियन डलर (करिब १४ अर्ब रुपैया) बराबर रकम विनियोजन गर्नुपर्नेछ । उक्त रकम ऊर्जा र यातायात विकासका क्षेत्रमा सम्झौता लागू भएको मितिदेखि पाँच वर्षभित्र परिचालन गरिसक्नुपर्ने प्रावधान छ । बाँकी ८ पेजमा

## सत्तापक्षीय दल नै सडकमा



काठमाडौं । एमसीसीविरुद्ध प्रर्दशनमा उत्रिएका प्रर्दशनकारी र प्रहरीबीच झडप हुँदा काठमाडौंको नयाँबानेश्वर क्षेत्र तनावग्रस्त बनेको छ ।

एमसीसी संसदमा टेवल नगर्न दवाव दिँदै आएका सत्तारुढ माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी)का भातृ संगठनहरू सहितका प्रर्दशनकारीहरूले निषेधित क्षेत्र तोडेपछि प्रहरीले त्यसलाई रोक्न पानीको फोहोरा समेत प्रयोग गर्नु परेको थियो । त्यसक्रममा प्रहरी र प्रर्दशनकारीबीच झडप हुँदा केहीबेर सो क्षेत्र तनावग्रस्त बन्न गएको हो । अहिले पनि नयाँबानेश्वर-बबरमहल-माइतीघर सडकखण्डमा प्रर्दशनकारीहरूले एमसीसी संसदमा टेवल नगर्न दवाव दिँदै सरकारविरुद्ध चर्को नाराबाजी लगाइरहेका छन । नेत्रविक्रम चन्द नेतृत्वको नेकपा, मोहन बैद्य नेतृत्वको क्रान्तिकारी माओवादी, राप्रपा र नागरिक समाजका अगुवाहरूको समेत उपस्थितिमा विरोध प्रर्दशन भईरहेको छ । माओवादी केन्द्र र एकीकृत समाजवादीसहितका सत्तारुढ दलहरूले एमसीसी यथास्थितिमा पास गर्नु नहुने अडान लिएका छन । सत्तारुढ बाँकी ८ पेजमा

## सत्ता गठबन्धनका दलहरूको आआफ्नै रणनीति



काठमाडौं । एमसीसी अनुमोदनका लागि अमेरिकाले पछिल्लो पटक दिएको समयसीमा सकिने १० दिन मात्र बाँकी रहँदा यसको भविष्य के हुने भनेर अझै अन्यौल छ ।

विशेषगरी सत्ता गठबन्धनका पाँच दल नै पाँचतिर लागेपछि एमसीसी संसदमा टेबल हुन सकेको छैन भने प्रधानमन्त्री शेरबहादुर देउवा निकै दबाबमा परेका छन् ।

१६ फागुनभित्र संसदबाट एमसीसी पारित नगरिए अन्तर्राष्ट्रियस्तरमा देशको छवी बिग्रनसक्ने, दातृ निकायबाट प्राप्त हुँदै आएको अनुदान (ऋण) मा नेपाललाई हेर्ने नीति फेरिन सक्ने भन्दै कांग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा दबाबमा परेका हुन् ।

तर, सत्ता गठबन्धनका माओवादी केन्द्र र एकीकृत समाजवादी हालको अवस्थामा एमसीसी पारित गर्नै नहुने पक्षमा छ भने जनता समाजवादी पार्टीका दुई अध्यक्ष नै दुईतिर छन् । राष्ट्रिय जनमोर्चा त सडक आन्दोलनमा छ ।

बुधबारको प्रतिनिधिसभा बैठकमा एमसीसी टेबल गर्ने तयारी सरकारको थियो । तर अन्तिम समयमा आएर टऱ्यो, माओवादी केन्द्रको अनुरोधका कारण । एमसीसीमा छिनोफानो गर्न आज दिउँसो ३ बजे सत्ता गठबन्धनका शीर्ष नेताहरूबीच छलफल हुँदैछ ।

सत्तासीन नेपाली कांग्रेस एमसीसीमा स्पष्ट छ । यसअघि प्रतिपक्षमा छँदा पनि एमसीसीको पक्षमा रहेको कांग्रेसले यसअघिको प्रतिवद्धता अनुसार सम्झौता पारित गर्नुपर्ने अडान लिँदै आएको छ ।

हालै सम्पन्न कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठकले पनि एमसीसी संसदमा टेबल गर्नुपर्ने निर्णय गरिसकेको छ । बाँकी ८ पेजमा

## मताधिकार दिलाउन माग

काठमाडौं । विदेशमा बसोबास गरिरहेका नेपाली नागरिकहरूलाई मताधिकार दिलाउन सर्वोच्च अदालतले गरेको फैसलालाई कार्यान्वयन गराउन सरोकारवाला पक्षले माग गरेका छन् । नेपाल पोलिसी इन्स्टिटयुट (एनपिआई)द्वारा आयोजित नीति संवाद श्रृखलामा सरोकारवालाहरूले प्रविधिको प्रयोगबाट मताधिकार गर्न सम्भव रहेको बताए । बाँकी ८ पेजमा

## विश्व अर्थतन्त्रमा गम्भीर धक्का

काठमाडौं । विश्व बैंकले कोरोना जनस्वास्थ्य संकटले शताब्दीयताकै ठूलो विश्वव्यापी आर्थिक संकट निम्त्याएको जनाएको छ । कोरोना महामारीका कारण आर्थिक वृद्धिमा गम्भीर धक्का लाग्नुका साथै गरिबी र आर्थिक असमानता बढेको विश्व बैंकले उल्लेख गरेको छ । विश्व बैंक समूहले वार्षिकरूपमा प्रकाशन गर्ने विश्व विकास प्रतिवेदनको सन् २०२२ संस्करणमा बाँकी ८ पेजमा

## रोजेको चिन्ह ६ दललाई मात्रै

काठमाडौं । राष्ट्रिय दलको मान्यता पाएका ६ वटा राजनीतिक पार्टीबाहेक अन्य पार्टीले आफूले प्रयोग गर्दै आएको चुनाव चिह्न स्थानीय तहको चुनावमा नपाउने भएका छन् । आगामी वैशाख ३० मा हुने स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी एमाले, नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्र, नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी (जसपा) र लोकतान्त्रिक समाजवादी पार्टीले (लोसपा)ले मात्रै पहिलेदेखि नै प्रयोग गर्दै आएको चुनाव चिह्न पाउने भएका हुन् । राजनीतिक दलसम्बन्धी ऐनको व्यवस्था अनुसार यी ६ दलबाहेक अरू राजनीतिक बाँकी ८ पेजमा

## ९० दिनमा ८ प्रतिशत मूल्यवृद्धि हुने

काठमाडौं । आउँदा महिनामा मूल्यवृद्धिदरमा चाप पर्ने सम्भावना रहेको राष्ट्र बैंकको एक सर्वेक्षणले देखाएको छ । राष्ट्र बैंकले बुधबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको दोस्रो त्रैमासको 'मूल्यवृद्धि अनुमान सर्वेक्षण' ले तीन महिनाभित्र मूल्यवृद्धिदर ८ प्रतिशत र एक वर्षमा १० प्रतिशत हुन सक्ने अनुमान गरेको छ ।

आगामी तीन महिनाको प्रक्षेपण यसअघिको भन्दा २ प्रतिशत बिन्दुले कम हो । एक वर्षको प्रक्षेपण भने यसअघिकै बराबर हो । यसअघि राष्ट्र बैंकले तीन महिनामा बाँकी ८ पेजमा

## क्रिमिया सैन्य अभ्यास अन्त्य : रूस

काठमाडौं । युक्रेनको सिमानाबाट पहिलो पटक सेना फिर्ता गर्ने घोषणा गरेको एक दिनपछि रूसले बुधबार मस्कोमा गाभिएको क्रिमियामा सैन्य अभ्यास समाप्त भएको र सैनिकहरू फर्किएका बताएको छ । मस्कोको रक्षा मन्त्रालयले जारी गरेको एक विज्ञप्तिका अनुसार दक्षिणी सैन्य जिल्लाका इकाइहरू, रणनीतिक अभ्यासमा आफ्नो सहभागिता पूरा गरिसकेपछि, तिनीहरूको स्थायी तैनाती बिन्दुहरूमा सर्दैछन् । सरकारी टेलिभिजनले रूस नियन्त्रित प्रायद्वीपलाई मुख्य भूमिसँग जोड्ने पुल पार गरेको सैन्य इकाइहरूको तस्वीरहरू देखाएको समाचारमा जनाइएको छ । तर पश्चिमी नेताहरू चिन्तित छन् कि रूसले अझै युक्रेनमा बाँकी ८ पेजमा

## संघाई सहयोग संगठनको बैठकप्रति पाकिस्तानको संशय

समय सन्दर्भ

● एजेन्सी

भौगोलिक क्षेत्रको र जनसंख्याको हिसाबले संघाई सहयोग संगठन विश्वको सबैभन्दा ठूलो क्षेत्रीय संगठन हो । यसले युरेसिया महाद्वीपको ३/५ भाग र मानव जनसंख्याको आधा हिस्सा ओगट्छ । यस संगठनलाई यसका सदस्य राष्ट्रहरूले मानवअधिकार उल्लंघनसम्बन्धी अन्तर्राष्ट्रिय आलोचनाबाट जोगिन उपयोग गर्छन् भनेर आलोचना गरिन्छ ।

यस वर्षको शरद ऋतुमा नयाँदिल्लीमा हुने संघाई सहयोग संगठनको बैठकपछि पाकिस्तानका प्रधानमन्त्री इमरान खान तथा डनको भारतीय समकक्षी नरेन्द्र मोदीबीच हुने बैठकको सम्भाव्यताबारे आँकलन गरिएको छ । आँकलन गरिएअनुसार के यो भारतको तर्फबाट आतिथ्यको रूपमा बैठकमा शामिल हुन औपचारिक निमन्त्रणा गर्ने निर्णय गरिएको छ ? तर इमरान खानले त्यसप्रकारको मोदीको आमन्त्रणलाई हिटलरजस्तै सर्वोच्चता ठानिएकोले कूटनीतिक औपचारिकताको एक औपचारिकतालाई गाह्रो ठान्नुका साथै द्विपक्षीय सम्बन्धमा अवरोध जस्तै




सोच्नुभन्दा बहुत कम मानिएको छ ।

वास्तमा भन्ने हो भने संघाई सहयोग संगठनको भारत हुने बैठकले पाकिस्तानमा संसयको वातावरण निमार्ण गर्दै पाकिस्तानको नागरिक नेतृत्वले सैनिकजस्तै भारत केन्द्रित विदेश नीतिका कुराहरूबारे निष्कर्षपूर्ण भनाइ राखेको छ । यस्तो अवस्थामा इमरान खानले दिल्लीको बैठकमा सहभागी हुनुलाई गुप्त जस्तै लिएको छ भने इस्लामावाद तथा रावलपिण्डीका निर्णयकर्ताहरूले त्यसलाई सम्मेलनसँगै बहिष्कार गर्ने प्रश्न तेर्स्याए जस्तो छ । तर जे भए पनि तिनीहरूले त्यस्तो अतिवादी पाइला चाल्नबाट हच्किनु पर्छ किनकि त्यसको असर राम्ररी तिनीहरूको मुख्य संरक्षक चीनमाथि पर्न जानेछ ।

कूटनीतिक सवारीका मुख्य व्यक्ति परराष्ट्र मन्त्री मकदूम शाह महमूद हुसैन कुरेशीद्वारा केही साना प्रमुखहरू तथा विज्ञहरूको रणनीति अहिले कुनै प्रकारले जसरी भए पनि भारतमाथि आरोप लगाउनु रहेको छ, जो रावलपिण्डीस्थित सैनिक नेतृत्वले खानले भारतको भ्रमण नगर्ने निर्णय गराउनु पर्नेछ । तिनीहरू विरोध जनाउँदै छन् । भारतले पाकिस्तानलाई भोजन नदिने खालको निम्तो मात्र पठाएको थियो । तिनीहरूले अपेक्षा गरेको छ कि पूर्व क्रिकेट खेलाडीले नरेन्द्र मोदीसँग कुनै महत्वपूर्ण कुरा गर्न सक्ने छैन । जनमतको क्षेत्रमा संघाई सहयोग संगठनको बैठकको औपचारिक निमन्त्रणा अझ पनि पठाउन बाँकी नै रहेको छ, तर यो पनि आश्चर्यकै कुरा हुनेछ यदि मोदीको भारतले इमरान खानलाई भिन्न प्रकृतिको निमन्त्रण पठाउनेछ किनकि त्यो भारत र मोदीसँग रुष्ट रहेको छ ।

आफ्नो सदस्यता तथा मर्यादाक्रमका दृष्टिले भारतले निश्चय पाकिस्तानको प्रधानमन्त्रीलाई औपचारिक लिखित निमन्त्रण पठाउनेछ किनकि उसको हाल एउटै मुद्दा कश्मिर मुद्दामा भारतलाई एक्ल्याउनु र अलग्याउनु रहेको छ । उनी हालसम्म पनि आक्रोश नै व्यक्त गर्दै बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि

सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# सम्पादकीय

## निर्वाचनमा सुरक्षा खर्च अत्यासलाग्दो

अनेक प्रकारका अनुदान तथा आशंकाबीच स्थानीय तह निर्वाचनको मिति घोषणा भएको छ । कुनै विषम परिस्थिति आइपरेन वा कतैबाट ठूलै षड्यन्त्र भएन भने आगामी वैशाख ३० गते मुलुकका सबै पालिकामा निर्वाचन सम्पन्न हुनेछ । चुनाव गराउन संवैधानिक दायित्व बोकेको निर्वाचन आयोगले यसै वर्षको फागुनमा स्थानीय निर्वाचन गराउने तयारीस्वरूप मतदाता नामावली संकलनको काम सकिसकेको थियो । तर सत्ता गठबन्धनमा रहेका कतिपय दलहरूले कानुनी र संवैधानिक उल्झन हुन सक्ने तर्क निकालेका कारण निर्वाचनको मिति दुई महिना पर धकेलिएको हो । तर समय घर्किसकेको छैन । अत्यावश्यक पूर्वतयारीका लागि ९० दिनको समय पर्याप्त हुने बताइरहेको निर्वाचन आयोगले ९६ दिनको समय जुन पाएको छ ।

स्थानीय निर्वाचन देशकै सबैभन्दा ठूलो निर्वाचन हो । मुलुकभरिका ७५३ पालिका ६ हजार ७ सय ५३ वडाबाट ३५ हजार ४१ जना प्रतिनिधि निर्वाचित हुन्छन् । उम्मेदवारको संख्या मात्रै दुई लाखको हाराहारीमा हुन्छ । अघिल्लो पटक अर्थात् २०७४ वैशाख ३१, असार १४ र असोज २ गते स्थानीय तहको निर्वाचन भएको थियो । उक्त निर्वाचनमा ५७ राजनीतिक दलले भाग लिएका थिए जसमा १८ राजनीतिक दलको स्थानीय तहमा प्रतिनिधित्व रह्यो । पहिलो चरणबाट निर्वाचित स्थानीय जनप्रतिनिधिहरूको म्याद आगामी जेठ ५ गते सकिए पनि दोस्रो चरणको मतदानबाट निर्वाचित प्रतिनिधिहरूको म्याद असार २० गतेसम्म रहेको र तेस्रो चरणको मतदानबाट निर्वाचित स्थानीय जनप्रतिनिधिको म्याद आगामी असोज ९ गतेसम्म रहेको दाबी पनि सत्तागठबन्धनमा सामेल दलहरूले गरेका छन् । संविधानअनुसार पाँच वर्ष कार्यकाल पूरा भुक्तानी गर्न पाउनुपर्ने भन्दै सर्वोच्च अदालतको ढोका ढक्ढक्याएर स्थानीय निर्वाचनलाई रोक्ने प्रयास अघि बढ्ने सम्भावना पनि त्यत्तिकै छ । दलीय स्वार्थलाई ध्यानमा राख्दै सत्तारूढ दलहरूले स्थानीय निर्वाचनलाई पछि धकेल्ने निकै ठूलो प्रयत्न नगरेका होइनन् । तर निर्वाचन आयोगले निरन्तर सरकारलाई दबाब दिएपछि सरकार स्थानीय तह निर्वाचनको मिति घोषणा गर्न बाध्य भयो ।

स्थानीय तह लोकतन्त्रको आधारस्तम्भ समेत हो । निर्वाचित जनप्रतिनिधिहरूको माध्यमबाट स्थानीय सत्ता स्थानीय जनता आफैंले सञ्चालन गर्छन् । आवधिक निर्वाचन लोकतन्त्रको धड्कन हो भन्नेमा कुनै विमति छैन । यसका साथै निर्वाचित जनप्रतिनिधिहरूले अख्तियार गर्ने कार्यशैली पनि लोकतन्त्रको अर्को महत्वपूर्ण पाटो हो । जनप्रतिनिधिहरूले राजनीतिक इमानदारिता देखाएर जनसेवाका कार्यहरू गरे मात्र लोकतन्त्रप्रति जनताको विश्वास र भरोसा बढ्छ, होइन भने जनतामा नैराश्यता र वितृष्णा उत्पन्न हुन्छ । जब जनतामा लोकतन्त्रप्रति वितृष्णा बढ्छ, त्यसले नयाँ आन्दोलनलाई आमन्त्रण गर्छ । आन्दोलनको परिणति सुखद नहुने गरेका घटना पनि विश्व इतिहासमा थुप्रै छन् । लोकतन्त्रकै आवरणमा नव तानाशाहहरूको अभ्युदय भएका रोमाञ्चक घटनाहरू पनि इतिहासमा पढ्न पाइन्छ । हाम्रा धेरैजसो स्थानीय तहका निर्वाचित जनप्रतिनिधिहरू भ्रष्टाचार र बेथितिमा पाँच वर्ष गुज्रिएका छन् । विकासका नाममा आफ्नो र दलीय स्वार्थका लागि 'जोडर आतंक' जस्तो विनाशको दुष्कार्य समेत गर्न जनप्रतिनिधिहरू पछि हटेनन् । धेरैजसो पालिकाका प्रतिनिधिहरू भ्रष्टाचारमा लिप्त भएको जनताले झन् दुःख पाएको गुनासो सुतिएकै हो ।

महालेखा परीक्षक तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोगजस्ता संवैधानिक अंगहरूले दिएका वार्षिक प्रतिवेदन हेर्ने हो भने अधिकांश पालिकाहरूको कार्यप्रगति निराशाजनक छ । राजनीतिक दलहरूले उम्मेदवार चयन गर्दा असल र सक्षम व्यक्तित्व अघि सार्नुपर्छ । धनवाद, डनवाद प्रयोग गरेर चुनाव जित्ने व्यक्तिलाई उम्मेदवार बनाउने विकृति दलहरूले फेरि पनि दोहोऱ्याए भने निर्वाचनले लोकतन्त्रलाई भड्खालोतर्फ धकेल्ने निश्चित छ । अर्कोतर्फ हाम्रो निर्वाचन प्रणाली अति महँगो हुँदै गइरहेको छ । आगामी स्थानीय चुनावका लागि नेपाल प्रहरीले १४ अर्ब, अन्य सुरक्षा निकायले १३ अर्ब र निर्वाचन आयोगले १२ अर्ब रूपैयाँ बजेट माग गरेका छन् । यस हिसाबले तीन तहको निर्वाचन सम्पन्न गर्न करिब डेढ खर्ब रूपैयाँ बजेट लाग्ने देखिन्छ । यो् रकम भनेको पाँच वर्षको आवधिक खर्च हुने विकास बजेटको २० प्रतिशत हो । सुरक्षा चुनौती नभएको अवस्थामा पनि विगतमा भन्दै सुरक्षा खर्च डबल माग गरेका छन् । तर सुरक्षा खर्च भने पारदर्शी छैन । निर्वाचन आयोग र सुरक्षा निकायको खर्च पारदर्शी नहुने हो भने यसलाई पनि लोकतन्त्रको विकृति नै हो भन्नुपर्छ ।

# छ कोही यस्ता विकृतिहरूबाट देशलाई जोगाउने ?



**सुरेन्द्र ढकाल**

नेपाल विश्वको अग्लो चुचुरो सगरमाथा भएको देश, सानो भए पनि जैविक विविधताको कारण पृथ्वीभित्रको सानो पृथ्वी, विश्वसम्पदामा सूचीकृत दर्जनभन्दा बढी सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक स्थलहरू, धेरै जातका चरा, पुतली, वनस्पति, एक सिंगे गैंडा, जडीबुटीको खानी, बौद्ध र हिन्दु धर्मको केन्द्र अनि घुम्नैपर्ने टप १० देशभित्र परेको मुलुक आदि कुराका लागि प्रख्यात हुँदै आएको हो । तर प्रकृति र अगाडिका महान गौरवशाली अग्रजहरूले बनाएको यो देश अहिले प्रख्यात होइन, कुख्यात हुन पुगेको छ । गुण्डा, बलात्कारी, राष्ट्रघाती, अनपढ, असक्षम अनि भ्रष्टाचारीहरू राजनीतिमा हावी भएको कारण अनि त्यस्तालाई मत दिएर जिताउने भेडा मतदाताहरूको कारण नेपाल यसरी कुख्यात बन्न पुगेको हो । केके कुरामा छ त नेपाल कुख्यात ?


१) यस वर्ष पनि ट्रान्सपेरेन्सी इन्टरनेसनलले आफ्नो प्रतिवेदन प्रकाशित गऱ्यो । त्यसले नेपाललाई सबैभन्दा बढी भ्रष्टाचार हुने राष्ट्रको सूचीमा पारेको छ । नेपालमा सोझै भ्रष्टाचार संस्थागत भएको प्रमाण हो यो । राजनीति नेता अनि कार्यकर्ताहरूको लागी हात मुख जोर्ने मात्रै नभै महल, घर जग्गा, बैंक वेलेन्स अनि सुख सुविधाको श्रोत बन्न पुगेको छ । यिनीहरूले जोडेको सम्पत्तीको श्रोत खोजी कारवाही गर्ने हो भने कृष्ण प्रसाद भट्टराइ र मनमोहन अधिकारी बाहेक झण्डै सबैलाई जेलमा कोची तिनीहरूको सम्पत्ती राष्ट्रियकरण गर्न सकिन्छ । तर विडम्वना राजनीतिमा अहिले पनि उनै छाइरहेका छन । भ्रष्टाचारले सामाजिक मान्यता पाएको विश्वको १ नंवरको देश वन्न पुगेको छ नेपाल ।

२) देशको शासन व्यवस्थाले रोजगार दिन नसकेको कारण नेपाली युवायुवतीहरूको झण्डै ५० प्रतिशत जनसंख्या विदेशमा 3D Dirty, Difficult र Danger काम गर्न बाध्य छ । नेपाल युवायुवतीको रगत पसिना निर्यात गर्ने अनि उनीहरूको लास आयात गर्ने राष्ट्रको सूचीमा अग्रस्थानमा छ ।

३) नेपाल यस्तै 3D गर्नेहरूले हुण्डी गरी पठाएको विदेशी मुद्राबाट वस्तु आयात गरी त्यसबाट उठेको भन्सार राजस्वबाट चलिरहेको विश्वकै अग्रणी देश बनेको छ । देश खास अर्थमा उद्योगले तिरेको अन्तशुल्क, व्यक्तिले तिरेको आयकर अनि व्यवसायीले तिरेको मूल्य अभिवृद्धि कर अनि निर्यात ब्यपारबाट वचत भएको समृध्दिले चल्नुपर्ने थियो । त्यसको विपरीत भन्सार राजस्वबाट देश चलिरहेकै कारण नेपाल विश्वको सबैभन्दा बढी व्यापारघाटा भएको र पछिल्लो अवस्थामा त हुण्डी पनि घट्दै जाँदा खरबौंको सोधनान्तर घाटा भएको देशमा सूचिकृत बन्न पुगेको छ ।

४) पेट्रोल डिजेल आदिजस्ता खानी नभएको देश नेपालमा आम रुपमा गाडीहरू भित्रिने कारण नेपालका शहरहरू विश्वकै प्रदूषित शहरमा सूचिकृत हुन पुगेका छन् । देशले १०० डलर भित्र्याउँदा ७७ डलर त खाली डिजेल, पेट्रोल, ग्यास, कोइला मट्टितेल, गाडी अनि त्यसका स्पेयर पार्ट्सको आयातमा खर्च हुनुले प्रदूषणको चपेटामा परिरहेको एक मुलुक हुन पुगेको छ । यस्तै प्रदुषणको कारण जलवायुमा परिवर्तन भई नेपाली हिमालय क्षेत्र क्रमशः मरुभूमिमा परिणत हुनगै प्रकृति विनाश गर्ने विश्वकै एक देशमा नेपाल सूचिकृत हुन पुगेको छ ।










५) बलात्कार, विभेद, छुवाछुत, घरेलु हिंसा, वालश्रम, महिला बालबालिकाको अनधिकृत ओसारपसारजस्ता सामाजिक विकृतिको कुरा गर्ने हो भने त्यसको आधारमा पनि नेपाल विश्वकै १ नम्बरको राष्ट्र नहोला भन्न सकिन्न । हिजो राजाका परिवार र आफन्तजनहरूले यस्ता अपराध गर्थे, उनीहरूलाई कानुनको कठघरामा आउन पर्दैनथ्यो । आज गणतन्त्रका नवराजा र राजकुमारहरू त्यस्ता अपराधमा संलग्न हुँदा कानुनमाथि ओभानो भएर बसेका छन् । निर्मला पन्तको बलात्कार र हत्याले हिजोका नमिता सुमिताको बलात्कार र हत्यालाई बिर्साइदिएको छ ।

६) नेपाली जनतालाई देशमा प्रजातन्त्र आयो भने समृद्धि आउँछ भनेर बारम्बार आन्दोलित गर्नेहरूको शासन गर्ने असक्षमता नराम्रोसँग नांगिएको छ । देशको साधारण बजेट विकास बजेटभन्दा तीन दोब्बर बढी हुनु, विकासका लागि छुट्याएको बजेट पनि आर्थिक वर्षको नौ महिना बित्दासमेत २० प्रतिशत खर्च हुन नसक्नुले शासन गर्न असक्षम राष्ट्रको सूचीमा नेपाल अग्रस्थानमा आएको छ । महालेखा परीक्षकको प्रतिवेदनलाई विश्वास गर्ने हो भने नेपालको खरबौं रुपैयाँको जुन बेरुजु छ, त्यसको आधारमा पनि नेपाल सुशासन नभएको १ नम्बरको देशमा पर्न आउन सक्छ ।

७) देशको प्रशासन, सेना, प्रहरी अनि सरकारी ढुकुटीबाट तलब खाने शिक्षक र प्राध्यापक, डाक्टर इञ्जिनियर लगायत पेशाकर्मीहरू पनि प्रत्यक्ष वा अप्रत्यक्षरुपबाट राजनीतिक दलको झण्डा बोकेर हिंड्ने कारण नेपालमा राम्रो हाम्रो होइन, हाम्रो चाहिँ राम्रो हुने परम्पराको विकास भएको छ । फरियावाद, नातावाद अनि कमिसनवाद सार्वजनिक पदमा नियुक्ति पाउने मापदण्ड बन्नुले सिंगै देशको प्रशासन पंगु बन्न पुगेको छ । यस्तो देश विश्वमा अरु विरलै होलान् भन्छन् विशेषज्ञहरू । यस्तै असक्षमहरूको झुण्डले देश संचालन गरिरहेको हुँदा यहाँ न विकास योजना समयमा सम्पन्न हुन्छ न सम्पन्न भएका विकासका संरचनाहरू दिगो रहन्छन् । पुल, भवन, राजमार्ग अनि सिचाइ योजनाहरू बनिसक्दा नसक्दा पत्रु अवस्थामा देखिनुले समृद्धिका सपनाहरू ललिपप सावित भएको छ । पंचायत ब्यवस्थालाई गाली गरेर कहिले नथाक्नेहरू आफैं नांगिदै गएको कारण देश प्रतिगमनको संघारमा उभिएको छ । छ कोही यस्ता विकृतिबाट देशलाई जोगाउने ?

# सरकार महँगी बढाउनमा, एमाले गठबन्धनमा



**गोविन्द विक**

स्थानीय तहको चुनावको हल्ला चल्न थालेपछि प्रमुख प्रतिपक्ष दल नेकपा एमाले गठबन्धनका लागि साना दलको सिला खोज्न व्यस्त भएको छ । आफू सरकारमा हुँदा पनि जनताको सरोकारको विषयलाई कहिल्यै महत्व नदिएको एमालेले अहिले सरकारको अलमलमा कुनै खबरदारी गरेको छैन । प्रमुख प्रतिपक्ष दलको रुपमा रहेको एमालेले जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषयमा सरकारले गरेको बेवास्ताप्रति चाल नपाएजस्तो भएको छ ।

पेट्रोलियम पदार्थ ग्यास मट्टितेल लगायतका उपभोग्य वस्तुको मूल्य आकासिएको छ । दैनिक ५ सय कमाउने मजदुरले एउटा ग्यास भर्न ४ दिनको ज्याला जम्मा गर्नु पर्दछ । हुँदाखाने जनतालाई दिनदिनै आकासिएको उपभोग्य वस्तुको मूल्य वृद्धिले ढाड सेकेको छ । सरकार जसरी पनि जनताको घाँटी न्याँक्ने धाउन्नमा लागेको छ । सरकारको नागरिकप्रतिको गैरजिम्मेवारीपनामा प्रतिपक्षको खबरदारी आवश्यक हुन्छ । सरकारले जनचासोको विषयमा ध्यान नदिएपछि प्रमुख प्रतिपक्ष दलले सरकारलाई रचनात्मक रुपमा दबाब दिएर सरकारलाई जनमुखी हितको मार्गमा ल्याउनु पर्दछ । जनताले थेग्नै नसक्ने गरी आकासिएको मूल्य नियन्त्रणका लागि सरकारलाई दबाब दिने जनताको आवाज उठाउन थलो संसद नै प्रतिपक्षको बन्दीमा छ ।

प्रमुख प्रतिपक्ष दलका अध्यक्ष केपी शर्मा ओलीको ध्यान जनताको समस्यामा भन्दा पनि कसरी हुन्छ गठबन्धनका दललाई हराउने भन्ने ध्यान मात्र रहेको पाइन्छ । जनताका हितमा काम गर्ने जनताको समस्यालाई प्रमुख समस्याको रुपमा ग्रहण गरेर काम गर्ने हो भने मत प्राप्त गर्नका लागि कुनै पनि दलको गठबन्धनमा लाग्नै पर्दैन । एक्लै जनताका सामु जाँदा पनि मत पाइन्छ भन्ने कुरालाई दलहरूले बेवास्ता गरिरहेका छन ।

**जनताका हितमा काम गर्ने जनताको समस्यालाई प्रमुख समस्याको रूपमा ग्रहण गरेर काम गर्ने हो भने मत प्राप्त गर्नका लागि कुनै पनि दलको गठबन्धनमा लाग्नै पर्दैन । एक्लै जनताका सामु जाँदा पनि मत पाइन्छ भन्ने कुरालाई दलहरूले बेवास्ता गरिरहेका छन ।**

अहिले एमालेले गठबन्धनका लागि दलको सिला खोज्ने अवस्था आउनुमा आफ्नै दलभित्रको गम्भीर कम्जोरी हो भन्ने हेक्का हुनु जरुरी छ । आफू सरकारमा हुँदा प्रतिबन्ध गरेर विप्लपको नेकपा माओवादी पार्टीलाई बिच्काएका ओलीले उनैसँग चुनावी तालमेल गर्न खोजेको हल्ला छ । मधेसमा किसानको मुद्दा उठाएर केजरीवाल बन्न खोजिरहेका सिके राउतलाई ओलीले गठबन्धनको लागि पक्का दलको रुपमा देख्दैछन ।

संसदीय व्यवस्था नै फेल भइसकेको भनेर आन्दोलन गरिरहेका विप्लप समूह अराजक राजनीतिक अभ्यासमा तम्सिरहेका सिके राउतहरूको साथ ओलीले किन खोजिरहेका छन ? त्यसैगरी संघीयता धर्मनिरपेक्षता फेल भइसकेको हिन्दु धर्मको वकालत गर्दै राजतन्त्र ब्युँताउने धाउन्नमा लागेको राष्ट्रिय प्रजातन्त्र पार्टीसँग ओली किन कुम जोड्न खोज्दैछन ? न विचार एक छ न सिद्धान्त एक छ कुनै पनि दृष्टिकोणले नमिल्ने जान्दाजान्दै सँगै कुम जोडेर गठबन्धन गर्ने ओली तम्सिनु अहिलेको गठबन्धन दलहरूको सेखी झार्ने काम मात्र हुने कुरा बुझ्न कठिन छैन ।

आफू सरकारमा रहँदा असंवैधानिक बाटोमा हिंडेको कुरा जनताले बिर्सेका छैनन् भन्ने ओलीलाई राम्रै थाहा छ । त्यही भएर पनि साना दलको साथ ओलीले खोजिरहेका छन् । प्रमुख प्रतिपक्ष दलका नेता केपी शर्मा ओलीले नयाँ गठबन्धन बनाउन दलको सिला खोजेर समय बिताउनुभन्दा पनि सरकारको काममा खबरदारी गर्ने मूल्य नियन्त्रण लगायतका जनसरोकारका विषयमा चासो दिने गर्ने हो भने जनताको कुँडिएको मनलाई फर्काउने उपाय हुन सक्छ ।

संसदको गतिरोध अन्त्य गर्ने र सरकारलाई रचनात्मक रुपमा खबरदारी गर्ने काममा प्रतिपक्षको भूमिका गहिरो हुन जरुरी छ । सरकारको आलटाले नीतिलाई जनसापेक्ष बनाउदै छिटो र छरितो सरकारको काममा दबाब दिनका लागि प्रतिपक्षको ध्यान होस् भन्ने जनताको अपेक्षालाई बेवास्ता गर्नु गैरजिम्मेवारीपन हो । गठबन्धन सरकारले अहिलेसम्म कुनै पनि जनमुखी काम गरेको छैन । हुनेखानेहरूलाई पोस्ने काम मात्र भएको छ ।

जनता महङगीको मारमा तड्पिरहेका छन्, सरकार निदाइरहेको छ । प्रतिपक्ष दल गठबन्धन बनाउनमै व्यस्त छ । यस्तो अवस्थामा जनताले राहत कसरी पाउने ? चरणगत रुपमा फैलिएको कोरोना संक्रमणले धेरैको रोजगारी गुमेको छ । धेरै जनतालाई बिहान बेलुका हात जोर्न धौ धौ छ तर सरकार मूल्य वृद्धि गर्नमै अग्रसर हुन्छ । यस्तो सरकारबाट जनताले के अपेक्षा गर्ने ? जनताको सरोकारको विषयमा सरकारलाई खबरदारी गर्न आवश्यक नठान्ने प्रतिपक्षलाई जनताले किन साथ दिने ?

# मैले देखेको १९६ औं विश्व पर्यटकीय स्थल

# स्वीटजरलैण्डको लोकार्नो ताल र वरिपरि

सुरेन्द्र ढकाल


गोत्तार्दो सुरुङ मार्गको प्रवेशद्वार


हिमचुलीको काखमा ताल यस्तो देखिन्छ



सुरुङ मार्गको भित्री भाग


नेपाली खाना दाल भातमा रमाउँदै इटालियन स्विस मित्रहरू


परबाट हेर्दा बस्तीसहित लोकार्नो ताल


तालको किनारस्थित मारिसाको घरमा भएको दिउँसोको खाना


तालको किनारमा रमाउँदै बालबालिकाहरू


तालको किनारमा इटालियन स्विस मित्रहरूसँग सुरेन्द्र


तालमा रहेको टापु


तालको किनारमा मारिसाको घरमा भएको इटालियन स्विस मित्रहरूसँगको भेटघाट


तालमा चल्ने डुंगाहरू


माथिबाट हेर्दा तालमा रहेको टापु

सन् २०१३ जुलाई ३ को करिब ५ बजे मिलानोबाट रेल लिई करिब ५१ किलोमिटर पार गरी ६ बज्दा नबज्दै हामी स्वीटजरलैण्डको किआस्सो रेलवे स्टेसन आइपुग्यौं। हामीले त्यहाँबाट हाम्रो इटालियन स्वीस मित्र आद्रिआनोलाई फोन गरी हामी रेलवे स्टेसन आइपुगेका जानकारी गरायौं। आद्रिआनो र उसका मित्रहरूको सहयोगमा काठमाडौंको कपनमा एक करुणालय नामक अन्ध अपांग बालबालिका आश्रम संचालनमा थियो।

काठमाडौंमै हाम्रो चिनजान भएपछि केही वर्षसम्म बाल विकास समाजको म महासचिव हुँदा उसले हाम्रा बालबालिकाको औपचारिक शिक्षा छात्रवृत्ति उपलब्ध गराएको कारण आद्रिआनो त्यतिखेर हाम्रो लागि दाता नै थियो। म इटालियन भाषा बोल्ने हुँदा हामी एक अर्कासँग निकै घनिष्ट थियौं। करिब १५ मिनेट किआस्सोको रेलवे स्टेसनमा प्रतिक्षा गरेपश्चात् आद्रिआनो आफ्नो कार लिएर आई हामीलाई सिधै उसको घरमा लगी 'लौ आराम गर' भनेर हाम्रो कोठा देखाइदियो।

जुलाई महिनाको लामो दिन ७ बज्दा पनि घाम अस्ताएको थिएन। करिब २ हप्तादेखि धेरैजसो राति राति रेलमा सफर दिनभर पैदलै पर्यटकीय स्थलको अवलोकन गर्दा हामी निकै थाकेका थियौं। आद्रिआनोकोमा आइपुग्दा आफ्नै घर पुगेको हामीलाई महसुस भयो। हामी त भुसुक्कै निदाएछौं। करिब रातको दश बज्दा भर्खर घाम अस्ताएको थियो। आद्रिआनोले हामीलाई ब्युँझायो। हल्का सुप, पिच्जा खाई हामी पुनः ओछ्यानतर्फ लाग्यौं।

भोलिपल्ट २०१३ जुलाई ४ को बिहान आठ बजे हामी ब्युँझँदा आद्रिआनोले बाहिर उसको बगैंचामा ब्रेकफास्ट तयार गरिसेकेको रहेछ। अगाडि सेता हिमचुली अनि त्यसको काखमा लोकार्नो ताल, ताल वरिपरि सहरी बस्तीको दृश्य अवलोकन गर्दै हामीले ब्रेक फास्ट गर्‍यौं र त्यस दिनको कार्य योजना तय भयो। जसनुरुप दिनभर नेपाली बालबालिकाको शिक्षा सम्बन्धमा हामीले तयार गरेको प्रतिवेदनउपर छलफल र बेलुका हामीलाई आद्रिआनोमार्फत वित्तीय सहयोग गर्ने स्वीस मित्रहरूलाई आमन्त्रण गरी नेपाली दालभात खुवाउने कार्यक्रम बन्यो। ब्रेकफास्टपश्चात् हामी तीनै जना चामल, दाल, अदुवा, बेसार जीरा, धनियाँ प्याज, आलु गोलभेडा, खुर्सानी अनि कुखुराको मासु किन्न बजारतिर लाग्यौं।

करिब डेढघण्टा किआस्सोको बजारमा अलमल गरी चाहिने वस्तु सबै खरिद गरी हामी घर फर्कियौं। बेलुका दालभात टन्न खाने योजना भएको हुँदा हामी बाहिर बगैंचामै घाममा बसी स्वीज चिज, बटर पाउरोटी खाँदै, हल्का पेय पदार्थ लिँदै करिब दुई घण्टा प्रतिवेदनउपर छलफल गर्‍यौं। त्यसपछि पुनः हामी आराम गर्न आफ्नो कोठातर्फ लाग्यौं र बेलुका ५ बजे हामी नेपाली खाना दालभात, तरकारी मासु, अचार बनाउनेतर्फ केन्द्रित भयौं।

खाना बनाउन मलाई राम्रो आउने कारण पकाउने जिम्मा मेरो भयो। कृष्णराज दुलालजीले आलु तास्ने, तरकारी काट्ने, मसला पिँस्ने काम गर्नुभयो। सात बज्दा हामीले खाना बनाइसकेका थियौं र स्वीस मित्रहरू पनि आइसकेका थिए।

घाम अस्ताउने अझै तरखर थिएन। हामी भने खाना खानतर्फ लाग्यौं र नौ बज्दा खाने पिउने काम सकी साथीहरूलाई विदाइ गरी हामी आफ्नो कोठातर्फ लाग्यौं। भोलिपल्ट जुलाई ५ का दिन आर्कोवालेनो नामक अर्को एक स्वीस इटालियन संस्थाकी प्रमुख मारिसाले हामीलाई लंचको लागि आमन्त्रण गरेकी थिइन्। यस संस्थाले काठमाडौंको बुढानीलकण्ठ भंगालमा रहेको एक अनाथालयलाई ममार्फत सहयोग गरिरहेको हुँदा म र मारिसाबीच पत्राचार भइरहन्थ्यो। उनको घर लोकार्नो तालको किनारमै रहेछ। दो पन्थ एक काज हुन पुग्यो हाम्रा लागि।

सहयोगी विदेशी मित्र पनि भेट्न पाइने विश्व पर्यटकीय लोकार्नो ताल पनि अवलोकन गर्न पाइने। आद्रिआनोकोमा हल्का ब्रेकफास्ट गरी मारिसाकोमा हामी एघार बजेतिर पुगेका थियौं। त्यहाँ लंच गर्दै हामीले लोकार्नो ताल अवलोकन गर्‍यौं। लंचपश्चात् ताल किनारमा रहेको आस्कोना शहर घुम्यौं।

## लोकार्नो ताल

यो ताल क्षेत्रले हामीलाई झण्डै फेवाताल र बैदामको सम्झना गरायो। बैदामको काललाई फेवा भनेजस्तै लोकार्नोको यस तालको नाम **Lake Maggiore** रहेछ जस्को अर्थ ठूलो ताल भन्ने बुझिन्छ। स्वीटजरलैण्डको तिचिनो क्यान्टोनमा रहेको यो ताल आल्प्स हिमालबाट पग्लेर आउने हिउँबाट बनेको माज्जा नदीबाट बग्ने ताजा पानी Fresh Water को ताल रहेछ। जुन जुलाई महिनामा भूमध्य सागरीय गृष्मको छनक दिने २६ डिग्रीसम्मको तापक्रम भएको कारण यस तालमा पौडेर आनन्द लिन उत्तर युरोपेली देश र बाँकी विश्वका पर्यटकहरू यहाँ आउँदा रहेछन्।

माथि सेता हिमचुली, त्यस्को मुनि हरिया लोभलाग्दा पहाड अनि तल सफा पानीको नीलो ताल अत्यन्त मनमोहक रहेछ। यस तालका वरिपरिका पहाडहरू पाल्म वृक्षले भरिएका र ट्रेकिङ र हाइकिङका हटस्पट नै रहेछन्। २१२ वर्ग किलोमिटरको क्षेत्रमा फैलिएको यस तालको लम्बाई ६४ किलोमिटर र चौडाइ ५ किलोमिटर रहेछ। यसै ताल क्षेत्रमा वनस्पति उद्यान पनि भएको र यस तालको विभिन्न ठाउँमा गरी ११ वटा टापु भएको कारण यो विश्व पर्यटनको गन्तब्य नै भन्दा पनि हुने रहेछ।

गृष्म ऋतुमा गर्मी राम्रै हुने कारण स्वीटजरलैण्ड जस्तो देशमा पनि भूमध्य सागरीय वनस्पति र जलवायु हुनुले यस ताल क्षेत्रको महत्व बढेको रहेछ। यस तालमा रहेको ११ वटा टापुमध्ये सान पानक्राच्जो नामक टापुमा त वर्ष भरीमा गरी पृथ्वीमा भएको सबै जलवायु पाइँदो रहेछ। बिहान त्रामोन्तानाबाट आउने चिसो हावा र दिउँसो इनभेर्नाबाट आउने तातो हावाको कारण यहाँको जलवायु विशेष भएको बताइँदो रहेछ। ताल वरिपरिका वस्तीहरूमध्ये हामीले भने ताल किनारामा रहेको आस्कोना शहर अवलोकन गर्‍यौं। तालको तट बालुवाको भएको र विस्तारै गहिरिँदै जानेको कारण बालबालिकाहरूको लागि पनि यस तालमा पौडनु सुरक्षित मानिँदो रहेछ र यसैको कारण पुरै परिवार पौडेर यहाँ आनन्द लिन आउँदा रहेछन्। क्रुज (मोटर वोट) चढेर आनन्द लिनेहरू पनि उत्तिकै हुँदा रहेछन्। हामी भने दिउँसोको खाना मज्जैले खाइसकेको कारण बेलुकासम्म ताल किनारामै रमाई ढिला गरी आद्रिआनोकोमा फर्की भोलिपल्ट बिहान जुलाई ६ को दिन १७ किलोमिटर लम्बाई भएको प्रख्यात गोत्तार्दो सुरुङमार्ग पार गर्दै बेलुका मित्र सुसानाको घर फ्रान्कफर्ट आई त्यहाँ दुई दिन बसी २०१३ जुलाई ९ तारिखका दिन काठमाडौं फर्कियौं।

# इतिहासको कठघरामा केपी ओली-४



खगेन्द्र ढकाल

### सुरुङमार्ग युगमा प्रवेश

नेपाल ८८४८.६ मी. उचाई भएको सगरमाथा देखि मात्र ७० मी. उचाईको केचना सम्मको स्थान समेटेको संसारको सबैभन्दा विषम भौगोलीक बनोट भएका देशहरूमध्ये एक हो। मात्र २०० कि.मी औसत चौडाई भित्र उत्तरका अग्ला हिमाल र दक्षिणका समथर तराई यहाँ अवस्थीत भएकोले विकट भिरपाखा छिचोलेर यात्रा गर्न हामी नेपालीहरू विवश छौं। यस्तो भौगोलीक भू-बनोटमा निर्मीत सडक सञ्जाल अत्यन्त साँगुरो, घुमाउरो, सुस्त र जोखीमपूर्ण हुनु स्वभाविक हो। नेपालमा वि.सं २०१३ सालमा त्रिभुवन राजपथबाट राजमार्ग निर्माण प्रक्रियाको शुरुवात भएकोमा हाल हुम्ला र डोल्पा बाहेक सम्पूर्ण सदरमुकाम मात्र होइन अधिकांश गाँउपालिका समेत सडक सञ्जालमा जोडिइसकेका छन्। तराईका बाहेक सबै राजमार्गहरूमा उकालो ओरालो र पहिरोहरूको जोखीम उठाउँदै न्यून आकाशिय दुरी (**Aerial Distance**) भएका स्थानहरू बिच दर्जनौ घुम्तीहरू मार्फत लामो बाटो पार गर्नुपर्ने बाध्यता छ।

विद्यमान परिस्थितीलाई मध्यनजर गरी राजधानी काठमाण्डौ भित्रने प्रमुख नाका नागढुङगाा बाट नौबिसे नजिकको सिस्ने खोला सम्म जोड्ने सुरुङ्ग मार्गको उद्घाटन २०७६ कार्तिक २८ मा गर्दै तत्कालीन प्र.म केपी ओलीले उद्घोष गरे, "नेपाल अब सुरुङ्ग मार्गको युगमा प्रवेश गरिसक्यो।" पृथ्वी राजमार्गको सिस्ने खोलादेखि नागढुङ्ग सम्मको यस सडक-खण्ड अत्यधिक घुमाउरो भएको कारण कहाली लाग्दो ट्राफिक जाममा कैयौं घण्टा गुजार्नु पर्ने बाध्यतालाई चिर्दै यस सुरुङ्ग मार्फत चमत्कारीक रुपमा ५ मिनेट भित्रै पुरा हुनेछ। यर्थाथमा यस सुरुङ्ग मार्गले यत्रतत्र विकटताले भरिएको हाम्रो देशमा एउटा नौलो आयाम थपिदिएको छ। यस योजनाको सफलता पश्चात भविष्यमा बन्ने सडक योजना तयार गर्दा यथासम्भव सुरुङ्ग मार्ग निर्माण गरी यातायातलाई छिटो छरितो र सुगम बनाउनका लागी उदाहरण बन्न सक्ने कोशेढुङ्गो साबित हुन सक्नेछ। यस प्रविधि मार्फत दुर्गम स्थानहरूलाई सुगम बनाउने मात्र होइन संसारलाई आश्चर्यमा पार्दै छिमेकी राष्ट्र चिनले निर्माण गरेका पहाड र चट्टानका कलाकृति, झ्यालै-झ्याल भएका सुरुङ्ग मार्ग जस्ता विस्मयकारी निर्माण योजना नेपालले समेत गर्न सक्नेछ। श्रापका रुपमा मानिएका विकट पहाड, पहरा, भिर र खोचहरू पर्यटकिय केन्द्र बन्न सक्नेछन्। यसरी सुरुङ्ग खन्ने क्रममा भु-गर्भमा रहेका नयाँ खनिज र खानीहरू समेत पत्ता लाग्ने प्रवल सम्भावना छन्। यसबाट मुलुकको अर्थतन्त्रलाई कायापलट गर्नसक्ने सम्भावना छ।

### ओलीको व्यक्तित्व

केपी ओलीको जन्म २००८ साल फागुन ११ गते इवा गा.वि.स -२ तीनसल्ले, तेह्थुममा भएको थियो। ४ कक्षा पछिको बाँकी विद्यालय स्तरको अध्ययन घैलाडुवा झापामा भयो। ४ वर्षको हुँदा आमा गुमाएका ओली हजुरआमाको काखमा हुर्केका थिए। सानैमा आमा गुमाउनु परेको र गरिबीका कारण उनको बाल्यकाल निकै कष्ठपूर्ण थियो। उनको प्रतिभा देखेर झापा आन्दोलनका योद्धा रामनाथ दाहालले ओलीलाई आफ्नै घरमा राखेर पढाएका थिए। एस. एल. सी परिक्षा पछि झापा विद्रोहमा भाग लिएकोमा पक्राउ परेर जेलमा परेका केपी ओलीले कलेजमा अध्ययन गर्ने अवसर पाउन सकेनन्। जेलमा स्वअध्ययन गरी ज्ञानको दायरालाई विस्तार गरे। आफुलाई उखान टुक्का सहितका नेपाली मात्र होइन अंग्रेजीमा समेत प्रभावशाली वाकशक्तीमा सामर्थ्यवान बनाए। अन्तराष्ट्रिय मञ्चहरूमा धारा प्रवाह अंग्रेजी भाषामा उत्कृष्ठ भाषण दिन सफल छवि बनाए। ओलीलाई अन्तरा{ष्ट्रिय पत्रिकाहरूले समेत 'टपटेन एशियन लिडर' को उपनाम दिए जसले नेपाल र नेपालीको गौरव बढाएको छ। अढाई दशक देखि मिर्गौलाको रोगी र दुइ पटक मिर्गौला नै प्रत्यारोपण गरीसकेका वृद्ध व्यक्ति पनि कर्मठ र सक्रिय नेतृत्व हाँक्न सक्छ भन्ने उदाहरण भएका छन् केपी ओली . बहालवाला प्रधानमन्त्रीले संसारको सबैभन्दा विश्वसनिय र महंगो विदेशी अस्पताल नरोजेर महाराजगंजको टिचिङ् अस्पतालमा मृगौला प्रत्यारोपण गरेर नौलो उदाहरण प्रस्तुत गरेका छन्। एउटा गरिब परिवारमा जन्मिएर प्रधानमन्त्री बन्न सक्ने, १४ वर्ष सम्म जेल परेर पनि राष्ट्र प्रतिको आफ्नो दायित्वमा सम्झौता नगर्ने र रोगी भएर पनि विश्राम नलिई देश, पार्टि र जनता प्रति ६ दशक भन्दा वढि अनवरत लागिरहने जस्ता दृष्तान्त नेपाली जनतालाई दिएका छन्। सामान्य गाँउले विद्यालयमा मात्र पढेर कलेज भर्ना नभएपनि स्वअध्ययनबाट नै विश्वविद्यालयका डिग्री हासिल गरेका विद्वान भन्दा कम नभइ ज्ञान हासिल गर्न सकिदो रहेछ भन्ने पाठ सिकाएका छन्।

### कमजोरी पक्ष

केपी ओलीको पहलमा वाम एकता गरी झण्डै दुई तिहाईको बहुमतको सरकार गठन भएको थियो। सात प्रदेश मध्ये छ वटा प्रदेशमा नेकपाको प्रदेश सरकार एकछत्र बनेका थिए। शिर्षस्थ नेताहरूलाई आपसमा मिलाउन असफल भए पछि पार्टी फुट्यो। प्रचण्ड र माधव नेपालले अलग अलग पार्टीको नेतृत्व गरेर नयाँ पार्टी बनाएका छन्। एमालेका शिर्षस्थ नेता केपी ओलीले पार्टी एकता गर्दा जति जस पाए त्यही मात्रामा पार्टी फुट्दा पनि अपजस पाउनु स्वभाविक हो। सबैलाई समेटेर लैजान नसक्नु उनको कमजोरी देखिन्छ। त्यस्तै ओलीको प्रधानमन्त्रीत्व कालमा यति र ओम्नी समूहहरू जस्ता संस्थाहरूलाई काखी च्याप्ने काम भए। उनीहरूले गरेका त्रृटिपूर्ण कर्तुतहरू मिडियामा बारम्बार आइरहँदा पनि छानवीन गर्नुका सट्टा जनताका नजरमा दोषी देखिएका तिनै गुटलाई नै प्रश्रय दिएको पाइयो। भारतले गरेको नाकाबन्दी र चुच्चे नक्साका विषयमा ओलीले लिएको चट्टानी अडान प्रति उनका विरोधी समेत नतमस्तक भए। ओलीको प्रधानमन्त्रीत्व कालमा सर्वसम्मत भई चुच्चे नक्सा लाई संसदबाट अनुमोदन गराउन ऐतिहासिक सफलता प्राप्त गरे तर जनस्तरबाट अनुमोदन गराउने प्रयास गरेको देखिएन। सरकारी संयन्त्रबाट जनतालाई भारतले कब्जा गरेको नेपालको भूभागमा नेपालको संसद मात्र होइन जनताको पनि ऐक्यबद्धता सडकमा समेत प्रदर्शन गर्नु र भारतिय राजदुतावास मार्फत नेपालीको भावना प्रतिविम्वित गर्नु अत्यन्त आवश्यक थियो। सरकारी वा पार्टी स्तरबाट नभए पनि विद्यार्थी र युवाहरूको नेतृत्वमा भारत र बाँकी विश्वलाई जन अभिमत प्रदर्शन गर्न केपी ओली चुकेको देखियो। लोडसेडिङबाट मुलुकलाई उन्मुक्ति दिने भनि अत्यन्त



लोकप्रिय व्यक्तित्व कुलमान घिसिङलाई एक कार्यकाल थप गर्नका लागि राष्ट्रव्यापी उठेको दवावपूर्ण आन्दोलनलाई नजर-अन्दाज गर्ने जस्ता चट्टानी अडान आत्मघाती सावित भए। मुलुकको कार्यकारी प्रमुखले आफ्नै योजना र कामहरूलाई वेरोकटोक कार्यान्वयन गर्नका लागि हरेक क्षेत्रमा भरपर्दो विश्वास-पात्रको अपेक्षा गर्नु स्वभाविक हो तर राष्ट्रपति जस्तो गरिमामय संस्थालाई आफ्नो कार्यालयको नीजि सचिवको हैसियतमा राखी, विपक्षी दलहरू र विज्ञहरूको अर्न्तकृया र सहमति पश्चात मात्र निर्णय लिनु पर्ने अवस्थामा समेत रबर स्ट्याम्पको रुपमा दुरुपयोग गरेको पाइयो। वाम एकता भए बखत चर्चामा आए झै पछिल्लो आधा अवधीमा पार्टीको संगठनमा केन्द्रित भई कार्यकारी नेतृत्व प्रचण्ड वा माधवलाई थमाएर सुझबुझ देखाउने मौका चुकाए। फलस्वरुप पार्टीमा फुट लगायत केन्द्रिय र प्रादेशिक नेतृत्व समेत गुमाए।

### निष्कर्ष

नेपालको इतिहासको पानाहरू तीन दशक एकछत्र शासन चलाउने राजा र मुख्तियार देखि लिएर राजशक्ति हत्याई सन्तान दरसन्तान मार्फत निरङ्कुश शासन चलाउने सम्मका नायकहरूले भरिएको छ। जनमत बाट स्थापित केपी ओलीका सामु नेपालका राजाहरू वा जंगबहादुर झैं साम्राज्यवादी र प्रतिकृयावादी शक्तिहरूलाई रिझाउनु पर्ने र निरंकुश शासनका विरुद्ध हुनसक्ने जनविद्रोह जस्ता ठूला चुनौतीहरू लाई सामना गर्नुपर्ने परिवेश थिएन। इतिहासमा सधैं हिन्दुस्तानको छाँयामा रही स्वतन्त्र अस्तित्व नै रहे नरहेको प्रष्ट नभएको स्थितिलाई चिर्दै नेपालको विकास र नेपालीको स्वभिमान उच्च राख्ने दुस्साहसी काममा केपी ओली सफल भए। नेपाल वैदेशिक मामला र अन्तर्राष्ट्रिय व्यापार सम्बन्धमा सार्वभौम राष्ट्रको हैसियतमा स्वविवेक प्रयोग गर्न सक्षम छ भन्ने कुराको संकेत अन्तर्राष्ट्रिय मन्चमा दिए।

नेपालमा राजाबाट शासन हुने परम्परालाई जनआन्दोलनका विभिन्न श्रृंखलाका परिणामस्वरुप २०६३ सालमा गणतन्त्र स्थापना भएको थियो। जनताद्धारा अनुमोदित व्यवस्थाबाट जनताले छानेको प्रतिनिधि मार्फत जनतालाई सेवा पुऱ्याउने भनी आधुनिक विश्वले मानेको आदर्श प्रणालीलाई दोषपूर्ण सावित गरी राजतन्त्र पुनः स्थापित गर्दै पाषाणयुगतिर फर्काउने र फेरी राष्ट्रलाई राजनैतीक अस्थीरताको भुमरीमा धकेल्न खोज्ने पुनरुत्थानवादीहरू अझै सल्बलाइरहेका छन्। नयाँ संविधान २०७२ लागु भएपछि केपी ओली नेतृत्वमा गठित एकल बहुमतको सरकारले राष्ट्रको आवश्यकता अनुसार कदम चाली अघि वढ्न सक्छ भन्ने आशा दिलाउन सकेको थियो भने मिलीजुली बनेका ढुलमुले सरकार बनेमा मुलुक भन्दा पार्टी र व्यक्तिगत स्वार्थहरू हावी हुनेछन् भन्ने कुरा हाल गठबन्धन मार्फत गठित प्रादेशीक सरकारहरूले दोब्बरभन्दा बढि मन्त्रीहरू बनाई राष्ट्रको ढुकुटी विनास गरिरहेको परिढृश्यबाट प्रष्ट हुन्छ। देश र जनताको लागी केही उपलब्धी नहुने तर सरकार मात्र परिवर्तन भइरहने नौटंकीबाट आजीत भई गणतन्त्रप्रतीको वितृष्णा हुनसक्ने परिस्थितीलाई चिर्न केपी ओली सफत भए।

ओलीलाई अधिकतम बहुमतबाट निर्वाचित प्रधानमन्त्री वि.पि.कोइराला वा कुनै पनि राजा भन्दा पनि बढि अर्थात नेपालको इतिहासकै सर्वशक्तिशाली कार्यकारी राष्ट्राध्यक्ष भनी विश्लेषण गरेको पाइयो। ओलीमा अन्तर्रनिहित बहुआयामिक ज्ञान, तार्किक शक्ति, निर्भिकता तथा अध्ययनशिलता जस्ता गुणहरू उनको सफलतामा सहायक बने। उनले नेपालीहरू विकट भौगोलीक स्थिती, लथालिंग शैक्षिक व्यवस्था र अभावग्रस्त परिस्थितीबाट गुज्रिएपनि विकसित राष्ट्रका नागरिक सरह सक्षम छन भनी आम नागरीकको मनोबल बढाएका छन्। ओलीले आत्मवल मजबुत भएमा अभावले जेलिएर हुर्केका निर्धन, अनाथ र दिर्घरोगी पनि सभ्रान्त र राजा महाराजा भन्दा बलवान मात्र होइन साम्राज्यवादी र विस्तारवादी शक्ति लाई समेत झुकाउन सक्छ भन्ने सन्देश विश्वलाई दिन सकेका छन्।

ओलीले आफ्नै पार्टीका नेताहरूलाई समुचित व्यवस्थापन गर्न नसकी पार्टी फुटाउन बाध्य पार्ने, संसद भंग गर्ने त्यसपछि राष्ट्रपतिलाई रबर स्ट्याम्पको रुपमा प्रयोग गरी अध्यादेश मार्फत देश चलाउने जस्ता सत्तालिप्साका अस्वभाविक कदम प्रर्दशन गरेतापनि हाल सत्ताबाट बाहिरिएको अवस्थामा समेत सडक देखि संसद सम्म र विधान अधिवेशन देखि महाअधिवेशन सम्म राष्ट्रिय अन्तर्राष्ट्रिय ध्यान खिच्न सक्ने प्रभावशाली व्यक्तित्वका रुपमा लोकप्रियता कायम राखेका छन्। साढे तीन वर्षको अवधिमै सम्पन्न विकास निर्माणबाट जनतामा आशाको प्रत्याभुती बढाएका र राष्ट्रिय स्वाभिमान बढाउन सक्ने क्षमता भएका "भिजनरी लिडर" भनि सर्वसाधारण देखि विपक्षी दलका नेताबाट समेत स्वीकारोक्ति आएका छन्। सत्ता बहिर्गमन पछिका राजनैतिक सकृयता र हाल उनको पछि देखिएका जनसागर हेर्दा अझै पनि जनताले केपी ओली प्रति नै सबैभन्दा बढी आशा र विश्वास गरेको देखिन्छ।

**(समाप्त)**

कविता


## देश कहिले बन्छ



● प्रेम ओली
(ढकलपुरे)

यहाँ सधैं नेता बन्छ, कार्यकर्ता बन्छ
भन्नुस् त मन्त्रीज्यू देश कहिले बन्छ ?
साइकल चढ्न नसक्ने नेता गाडी चढ्छ
झुप्रोमा बस्ने तिम्रो कार्यकर्ताले
सहरमा दुई चार वटा घरघडेरी छ भन्छ
बिचरा जनता सधैं, जहाँको तही रहन्छ
हैन हो नेताज्यू भन्नुस त यो देश कहिले बन्छ ?
प्रजातन्त्र आयो एक थरी बने
लोकतन्त्र आयो अर्को थरी बने
गणतन्त्र आयो फेरि अर्को थरी बने
जुन तन्त्र आए पनि यहाँ
न त जनता बन्छ न देश बन्छ
खाली नेता र कार्यकर्ता मात्र बन्छ
मलाई यो देश बनेको हेर्न कस्तो मन छ
लौ भनेदेउन हो नेताज्यू, यो देश कहिले बन्छ ?
झनातिको पालामा बन्छ कि
खनातिको पालामा बन्छ ?
कति ढाँटछौ ?
अब त नढाँटन भन्देऊन हो ठ्याक्क,
यो देश कहिले बन्छ ?

## रहेनन् साहित्यका हस्ती



काठमाडौं। प्रख्यात साहित्यकार, लेखक तथा झर्रोवादी आन्दोलनका अगुवा तारानाथ (ताना) शर्माको मंगलबार बिहान उच्च रक्तचापका कारण निधन भएको छ। इलामको बरबोटेमा ९ असार १९९१ मा जन्मिनु भएका शर्माको ८७ वर्षको उमेरमा निधन भएको छ। शर्मा लामो समयदेखि डिमेन्सिया रोगबाट ग्रसित हुनुहुन्थ्यो। उहाँ मधुमेह, मुटु रोग र उच्च रक्तचापबाट पनि पीडित हुनुहुन्थ्यो।

शर्मा नेपाली साहित्यमा नियात्रा विधाका संस्थापक, निबन्धकार, कथाकार, उपन्यासकार, समालोचकका रुपमा परिचित हुनुहुन्थ्यो। अंग्रेजी भाषामा विद्यावारिधि गर्नुभएका शर्माका 'पाताल प्रवास' 'बेलायततिर बरालिँदा' जस्ता यात्रापरक निबन्ध संग्रह प्रकाशित छन्। नेपाली, अंग्रेजी दुवै भाषाका व्याकरणसहित सयभन्दा बढी पुस्तक प्रकाशित गर्नुभएका शर्माको पहिलो कृति 'घोत्ल्याइँहरू' २०२१ सालमा प्रकाशन भएको थियो। नेपाली समालोचनाका क्षेत्रमा समेत अग्रणी नाम कमाएका शर्माका 'घोत्ल्याइँहरू', 'भानुभक्तदेखि तेस्रो आयामसम्म', 'सम र समका कृति' जस्ता कृति विश्वविद्यालय पाठ्यक्रममा समावेश छन्। उहाँले 'बेलाइततिर बरालिँदा' पुस्तकबाट २०२६ सालमा मदन पुरस्कार पाउनुभएको थियो। निबन्ध संग्रहमा मदन पुरस्कार पाउने 'बेलाइततिर बरालिँदा' पहिलो पुस्तक हो। शर्मा झर्रोवादी आन्दोलनका अभियन्ता हुनुहुन्थ्यो। २०१३ सालमा बल्लभमणि दाहाल, बालकृष्ण पोखरेललगायतका साथीभाइसँग मिलेर बनारसमा पढ्दा तारानाथ शर्माले 'झर्रोवादी आन्दोलन' सुरु गर्नुभएको थियो। शर्माले २०२९ सालमा 'सम र समका कृति' लागि साझा पुरस्कार पाउनुभएको थियो भने २०२३ सालमा रत्नश्री स्वर्णपदक पाउनुभएको थियो। उहाँ २०३९ सालमा सर्वश्रेष्ठ पाठ्यपुस्तक लेखन पुरस्करबाट पनि सम्मानित हुनुहुन्थ्यो। मंगलबार पशुपति आर्यघाटमा उहाँको अन्तिम संस्कार गरिएको छ।

पहिचान तथा आत्मपरक नियात्रा लेखनमा लोकप्रियता कमाएका शर्माको ८७ वर्षको उमेरमा काठमाडौंको चाबहिलस्थित आफ्नै निवासमा मंगलबार बिहान निधन भएको हो। शर्माका श्रीमती र दुई छोरा छन्। शर्माले संस्कृत शिक्षाबाट पठन सुरु गर्नुभएको थियो। माध्यमिक तहको पाठ्यक्रममा रहेको 'घनघस्याको उकालो काट्ता' निबन्धले उनको नियात्रा लेखनको अनौपचारिक र झर्रो शैलीलाई विद्यालय तहका लाखौं विद्यार्थीमाझ चिनाएको थियो।

## दुई स्रष्टालाई लोकसाहित्य पुरस्कार





काठमाडौं। कालीभक्त-कृष्णा पन्त स्मृति प्रतिष्ठान नेपालले संस्कृति एवं लोकसाहित्यका अनुसन्धानदाता श्रष्टा कालीभक्त पन्तको नाममा स्थापित वि.स. २०७७ (सन २०२१) को कालीभक्त पन्त नेपाली लोकसाहित्य अन्तर्राष्ट्रिय पुरस्कार नेपालको लोकवार्ता र संस्कृतिको क्षेत्रमा गहन अनुसन्धान गरी विभिन्न कृतिहरू प्रकाशन गर्नुका साथै आफ्ना कविताका माध्यमबाट नेपालको लोकवार्ता, साहित्य र संस्कृतिलाई नेपालका विभिन्न क्षेत्र एवं विश्वसामु परिचित गराउनु हुने श्रष्टा प्राध्यापक तुलसी दिवसलाई प्रदान गर्ने निर्णय गरेको कुरा कालीभक्त-कृष्णा पन्त स्मृति प्रतिष्ठानका अध्यक्ष डा. पार्थिवेश्वर प्रसाद तिमिल्सिनाद्वारा हस्ताक्षरित एक विज्ञप्तिमार्फत जनाइएको छ।

यसैगरी वि.स. २०७८ (सन २०२२) को कालीभक्त पन्त नेपाली लोकसाहित्य अन्तर्राष्ट्रिय पुरस्कार नेपालको लोकवार्ता र संस्कृतिको क्षेत्रमा गहन अनुसन्धान गरी विभिन्न कृतिहरू प्रकाशन गर्नुका साथै प्राध्यापन र आफ्ना अनुसन्धान कृतिहरू एवं पुस्तकहरूको प्रकाशनका माध्यमबाट नेपालको लोकवार्ता, लोकसाहित्य र संस्कृतिलाई नेपालका विभिन्न क्षेत्र एवं विश्वसामु परिचित गराउनु हुने श्रष्टा प्राध्यापक डा. चूडामणि बन्धुलाई प्रदान गर्ने निर्णय गरेको छ।

नेपालको लोकवार्ता र संस्कृतिको क्षेत्रमा अध्ययन, अनुसन्धान गर्ने, कृतिहरू प्रकाशन गर्ने, लोकवार्ता र संस्कृतिको प्रचार-प्रसार र विकास गर्ने, व्यक्तित्वलाई विगत दुई वर्षदेखि कालीभक्त-कृष्णा पन्त स्मृति प्रतिष्ठान नेपालले कालीभक्त पन्त नेपाली लोकसाहित्य अन्तर्राष्ट्रिय पुरस्कार प्रदान गर्दै आएको छ। सर्वप्रथम यो पुरस्कार वि.सं. २०७५ (सन २०१९) मा संस्कृतिविद् शताव्दि पुरुष श्री सत्यमोहन जोशीलाई प्रदान गरिएको थियो भने वि.सं. २०७६ (सन २०२०) मा यो पुरस्कार लोकगीतका प्रवर्धक श्री कृष्ण कँडेललाई श्रष्टा कालीभक्त पन्तको कर्मथलो पर्वत जिल्लाको फलेवासमा निर्मित कालीभक्त-कृष्णा पन्त स्मृति भवनको प्राङ्गणमा प्रदान गरिएको थियो।

कोरोनाको कहरले गर्दा वि.सं. २०७७ (सन २०२१) मा यो पुरस्कार प्रदान गर्न पाइएन। तसर्थ यसै वर्ष वि.सं. २०७७ (सन २०२१) र २०७८ (सन २०२२) दुवै बर्षको पुरस्कार दिने व्यवस्था गरिएको जानकारी प्रतिष्ठानका अध्यक्ष डा. पार्थिवेश्वर प्रसाद तिमिल्सिनाले दिनुभएको छ। उक्त पुरस्कारको रकमप्रति श्रष्टा रु.१०१,०००- (एक लाख एक हजार रुपैयाँ) रहेको छ। श्री कालीभक्त पन्त तथा कृष्णा पन्तका सुपुत्र, फलेवास नगरपालिका वडा नं ६ का, श्री गोविन्दप्रसाद पन्त एवं उहाँकी श्रीमती उर्मिला पन्त र उहाँहरूका छोराहरू महेश्वर पन्त (बोस्टन, अमेरिका), परमेश्वर पन्त (काठमाडौं) र छोरी अन्जु पन्त-रावल (बोस्टन, अमेरिका) बाट यो पुरस्कार स्थापना गरिएको छ भने यसको व्यवस्थापन कालीभक्त-कृष्णा पन्त स्मृति प्रतिष्ठान नेपाललबाट गरिएको छ। यो पुरस्कार प्रत्येक वर्ष फागुन ६ गते मनाइने कालीभक्त पन्तको स्मृति दिवसको अवसरमा दिने व्यवस्था छ। यस बर्ष कोरोनाको कहरलाई दृष्टिगत गरी नेपाल सरकारले तोकेको स्वास्थ्य मापदन्ड पालना गरी काठमाडौंको उपयुक्त स्थानमा पुरस्कार वितरणको कार्यक्रम आयोजना गरिने छ।

नियात्रा

# स्मृतिको क्यानभासमा नयाँ रङ-४ (२)

✍ **रामप्रसाद पन्त**

तर भारतीय समाचार माध्यम ठोकुवा गर्दैछ– 'यस भूकम्पको बेग्लै अस्तित्व छ, नेपालको महाभूकम्पसँग कुनै तालुक छैन।'

अब हामीजस्ता अन्जान मनुवाले कसरी थाहा पाउने– यो भूकम्प थियो कि पराकम्पन ? अर्थात् अर्जुन विरक्तिले भने अनुसार नेपालकै महाभूकम्पको निरन्तरता थियो कि भारतीय भूगर्भविद्ले भने अनुसार अर्को भूकम्प थियो ?


केही महिनाअघि हामीले सुनेकै हो, नेपालकै महाभूकम्पको पराकम्पन थियो– बिहार तथा उत्तरप्रदेशको भूकम्प पनि। त्यही भूकम्प पश्चिमतिर सरेको हो भने त यो पनि पराकम्पन हुनुपर्ने थियो।

यो मेरो तर्कमात्र !

एउटा अखबारले मेरो यात्राको गतिमा एकछिन ब्रेक लगाइदिएछ। म झल्याँस्स भएँ। साथीहरू तयार भइसकेछन्। ब्रेकफास्ट आइसकेछ।

हामी नौ बजेसम्म होटलबाट चेकआउट भइसक्नुपर्छ अन्यथा बाह्र बजेको कार्यक्रम भेट्टाउन हामीलाई मुश्किल पर्छ। यस कुरामा ध्यान केन्द्रित गर्दै हामी तयार भयौं र निस्कियौं पनि।

यात्राबारे हामी छर्लङ्ग थियौं– जसरी आएका थियौं त्यसरी। उही गाडी पार्किङस्थल, उही (उस्तै) ट्याक्सी, उही बाटो र उही गति। हामी सरासर गोर्खाली सुधारसभाको त्यही अतिथि गृहमा पुग्यौं।




त्यहीँ खाना खायौं। सुटबुटमा सजियौं। उपहारका लागि लगिएका किताबहरू बोक्यौं। त्यही कम्पाउन्डमा उभिएको गोर्खाली सुधार सभाको गाडीमा बस्यौं र मानेकसाँ भवन पुग्यौं – निर्धारित समय भन्दा पन्ध्र मिनेट अगाडि।

बीचमा खुल्ला प्राङ्गण भएको मानेकसाँ भवन त्रिकोण बनेर उभिएको थियो। मूल गेटको सीधा अगाडि भवनकै सन्मुखमा हाम्रा साहित्यिक प्रपितामह भानुभक्त आधा शरीरमा परिणत भएर शिलारुप धारण गरी बसेका थिए। तनहुँबाट देहरादून पुग्दासम्म भानुभक्त थकित गलित भएर दुब्लाएछन् क्यारे ! च्याउँसे र चुच्चे नाकमा परिणत भएछन्। झन्डै अनुहार नै नचिनिने भएछ हाम्रा साहित्यिक पुर्खाको। ज्यादै माया लाग्यो आदिकविको आधि शरीरलाई देखेर। मैले एक जना साथीको हातमा क्यामेरा थम्याइदिएँ र उनीसँगै टाँसिएँ। अरुहरूले पनि त्यसै गरे।

भवनको प्राङ्गणमा १५/१६ जना मानिस लयाङमयाङ गर्दै थिए। अतिथिहरू को कसलाई बोलाइएको छ ! श्रोतागण कति हुने हुन् ! अन्यौलमा थियौं हामी। हामीलाई यतिमात्र भनिएको थियो– 'तपाईंहरूलाई सम्मान गरिने छ र सङ्क्षिप्त मन्तव्य वा कविता वाचन गर्ने अवसर दिइने छ।'

मञ्चको दुवैतिर नेपाल र भारतको झण्डा ठड्याइयो र बीचमा ब्यानर तेर्स्याइयो। करिब आधा घण्टा ढीला गरेर माइक खोले गोर्खा साहित्य परिषद्का अध्यक्ष तथा विगत अठार वर्षदेखि आइएएस अफिसर (सिडियो एलडियो)लाई पढाउँदै आएका प्राध्यापक भूपेन्द्र अधिकारीले–

'द्रोणाचार्यको यस तपोभूमिमा पाल्नुभएका तपाईंहरूलाई आजको सूक्ष्म वैठकमा हामी स्वागत गर्दछौं।' त्यसपछि मञ्च सजाउने काम गरे उनले। सभापतित्वका लागि गोर्खाली सुधारसभाका अध्यक्ष बिएस क्षेत्री र अतिथिका रुपमा मधु गुरुङ थापा, मधु गुरुङ, शक्ति गुरुङ, चेतन कार्की र गुराँस सांस्कृतिक केन्द्रका संस्थापक ब्रिगेडिएर पिएस गुरुङ। हामीहरूलाई बोलाउँदा दर्शकदीर्घाको शोभा नरहने भएकोले नबोलाइएको भनी स्पष्टिकरण दिए भूपेन्द्रले।

*(क्रमशः)*

# फिलिसाइड अर्थात् आफ्नै सन्तान मार्ने आमाको कथा



विष्णु भट्टराई

सुन्दा पत्याउन गाह्रो हुन्छ, आफैँले जन्माएको सन्तानको हत्या ! तर, वास्तविकता हो। रुसमा हरेक वर्ष आफ्नै बच्चा मारेको अभियोगमा कैयौँ महिलामाथि मुद्दा चल्ने गरेको छ। आरोपितमध्ये धेरै बच्चा भएका गृहिणीदेखि सफल व्यावसायिक व्यवस्थापकसम्मका महिला छन्। यो समस्या रुसको मात्रै होइन, संयुक्त राज्य अमेरिकामा पनि हरेक चार आमामध्ये एकमा आफ्ना बच्चा मार्ने विचार आउने गरेको अनुमान मनोविद्हरूले गरेका छन्।

सन् २०१४ मा गरिएको एक अध्ययनले न्याय मन्त्रालयको ३२ वर्षको तथ्यांक हेर्दा बच्चाको हत्या आँकडा अन्य सबै हत्याको १५ प्रतिशत रहेको देखाउँछ। एउटा अध्ययनमा सन् १९७६ देखि १९९७ सम्ममा बाबुआमाले ११



हजार बच्चाको हत्या गरेको उल्लेख छ। औसतमा यसले एक वर्षमा तीन सय ४० भन्दा बढी बच्चाको हत्या हुने देखाउँछ।

तर, रुसमा अन्य कैयौँ मुलुकमा जस्तै बाँच्नका लागि अभिभावक बलियो हुनुपर्ने र मानसिक स्वास्थ्यबारे जानकार भै आम मान्छे जीवनमा अगाडि बढिरहनुपर्छ भन्ने ठानिन्छ। यो कथाले पनि बच्चा जन्मनेबित्तिकै मानसिक रूपमा धेरैजसो पहिचान नहुने गरेको देखाउँछन्। यहि कारणले समयमा बच्चाको उपचार नहुने र धेरैजसो दुःखद अन्त्य नभएसम्म नजिकका नातेदारले पनि के भइरहेको हो भन्ने बुझ्न विफल हुने गरेको देखाउँछन्।

बिबिसी रुसी सेवाका दुई पत्रकारले किन आमाहरू आफ्नै बच्चाको हत्या गर्छन् भन्ने कुरा पत्ता लगाउन केही रुसी महिलाहरूसँग कुराकानी गरेका थिए। उनीहरूको अनुसन्धानले मातृत्वबारे रहेको मिथक कसरी भत्काउन आवश्यक छ र धेरै महिलाहरूमाथि पर्ने चरम बोझ र दबाबको वास्तविकताबारे बोल्न आवश्यक छ भन्ने देखाएको छ। त्यसो गरियो भने बच्चा मार्ने कार्य रोकिन सक्छ।

अल्योना आफ्ना श्रीमान् प्योटरसँग खुसी वैवाहिक सम्बन्धमा थिइन् र आफू गर्भवति भएकोमा अझै रोमाञ्चित थिइन। उनीहरूले बच्चाका लागि लुगाहरू र उसलाई लिएर हिँड्ने बग्गीसमेत किनेका थिए। अल्योना बच्चा पाउनु अघिका कक्षाहरूमा सहभागी भइन्। तर, त्यस्ता कक्षामा कसैले पनि नयाँ आमा बन्दा हुने मानसिक समस्याबारे बोलेन। बच्चा जन्मेपछि अल्योनालाई निद्रा नपर्ने समस्या विकास भयो र उनले त्यसलाई झेल्न नसकेको बताइन्।

उनलाई पहिले केही मानसिक समस्या भएको थाहा भयो र मनोचिकित्सकले उनलाई औषधि दिएपछि केही सहयोग भयो। एक दिन प्योटर घर आउँदा सात महिनाको बच्चा बाथटबमा मृत अवस्थामा फेला पारे र पछि अल्योना मस्को सहरको बाहिरी भागमा एउटा तालको छेउमा फेला परिन्।

बच्चालाई पानीमा डुबाएपछि अल्योनाले एक बोतल भोड्का पिइन् आफू पनि पानीमा डुब्न खोजिन् र होस गुमाइन्। अहिले उनीविरुद्ध मुद्दा चलिरहेको छ। दुःखी प्योटर अल्योनाको मुद्दाको हरेक सुनुवाइमा जान्छन् र कठघरामा बसेकी उनलाई सम्झाउन खोज्छन्। यदि, अल्योनालाई कसैले बच्चा पाएपछि हुने मानसिक समस्याबारे बताएको भए अहिले भोगीरहेको समस्या रोक्न सकिन्थ्यो भन्ने उनलाई लाग्छ।

उनी भन्छन्, 'उनको कुनै दुराशय थिएन, उनी मानसिक समस्याको सिकार भएकी थिइन्।' 'यदि उनलाई सही डाक्टरलाई देखाउन पाएको भए र उनले अनुरोध गरेका वेला मैले अस्पताल लगेको भए, अहिलेको घटना हुने थिएन।'

रुसी अपराधशास्त्रीहरूका अनुसार ८० प्रतिशत महिलाले आफ्नो बच्चाको हत्या गर्नुअघि टाउको दुख्ने, निद्रा नपर्ने, वा महिनावारी नियमित नहुने गरेको गुनासो गर्ने गरेका थिए। रुसी कानुनमा धेरै परीक्षण नगरिएको र वर्जित अपराधलाई फिलिसाइड भनिन्छ, त्यो भनेको आमाले आफ्नै बच्चा मार्ने हो।

कसैले भर्खरै जन्मेको बच्चाको हत्या गर्छन् त कसैले दुई वर्ष नपुग्दैको उमेरमा। सन् २०१८ मा रुसमा ३३ वटा यस्ता मुद्दा चलाइएका छन्। केही अपराधशास्त्रीहरूले गरेको रिपोर्ट भन्दा आठ गुणा बढी यस्ता घटना रहेको तर अदालतसम्म यस्ता घटना आइनपुग्ने गरेको अनुमान छ।

'हाम्रो अस्पतालका २० मध्ये ३ अथवा ४ शैययामा आफ्नै बच्चाको हत्या गरेका महिलाहरू राखिएका हुन्छन,' फरेन्सिक विज्ञ र मस्कोको सरबस्की इन्स्टिच्युट अफ साइकियाट्रीकी प्रमुख अनुसन्धानकर्ता मार्ग्रीटा कचेभा भन्छिन्।

एकजना अकाउन्टेन्ट, एकजना शिक्षिका, एक बेरोजगार महिला, एकजना समाज कल्याण परामर्शदाता, एकजना वेट्रेस, एकजना डिजाइन स्कुल पास गरेकी महिला, एउटा ठूलो परिवारकी महिला, एकजना पसलकी सहायक। बिबिसी रुसी सेवाले कुरा गरेका ३० जनाभन्दा बढी महिलाका कथा फरक फरक छन्।

समाजले गर्ने आशंकाविपरीत आफ्ना बच्चाको हत्या गरेका धेरै महिलाका श्रीमान् थिए, घर, जागिर थियो र कुनै कुलत थिएन। डाक्टरहरू भन्छन, बच्चा जन्माएपछि दबेर बसेको मानसिक रोग अचानक बढ्न सक्छ। महिलाहरूमा केही दीर्घरोग हुनसक्छ जुन दैनिक जीवनमा देखा नपर्न सक्छ, तर गर्भावस्था, बच्चा जन्म दिँदा वा मेनोपजका वेलामा देखिन सक्छ।

३८ वर्षीया आना शिक्षिका हुन्। उनका १८ र १० वर्षीय छोरा छन्। उनीहरू बाबुआमाले अत्यन्त चाहना गरेर पाउन लागेका बहिनीको पर्खाइमा थिए। तर ७ जुलाइ २०१८ को दिन आनाले आफैँ एम्बुलेन्स बोलाइन्। बच्चा जन्मनुअघि उनलाई असाध्यै ठूलो पीडा भइरहेको थियो। त्यसपछिका दिनमा स्थिति झन् बिग्रियो। आनाले आफूले सहन सक्छु भन्ने ठानिनन्, एकजना मनोचिकित्सकले उनलाई आराम गर्न भनिन्। उनका श्रीमान् मस्कोमा काममा गएका वेला आफ्ना बच्चालाई एकजना साथी कहाँ छोडिन् र आफू खाट किन्न जान लागेको बताइन्।

तर, उनी आफ्नी आमाको समाधिस्थल गइन्। अर्को दिन उनी खाली खुट्टा बच्चा लिएर हिँडिरहेका वेला प्रहरीले कहाँ जान लागेको भनेर सोध्दा जवाफ दिन सकिनन्। उनकी सासुले उनलाई घर लिएर गइन् र, त्यति बेला आनाले आफ्नो बच्चालाई तकियाले मुख थुनेर मार्न खोजिन् भन्ने कुरा अदालतले स्थापित गर्न खोजिरहेको छ।

७ जुलाइका दिन एम्बुलेन्स आएपछि आनाले डाक्टरलाई भनिन्, 'हेर त, मेलै बच्चा मारेँजस्तो छ।' स्वास्थ्यकर्मीहरूले आनालाई बचाउन सफल भए र उनलाई अस्पतालमा भर्ना गरियो। उनलाई दीर्घरोग बनिसकेको स्किजोफ्रेनिया भएको पत्ता लाग्यो। 'त्यो भनेको पूर्ण पागलपन होइन भन्ने बुझ्न जरुरी छ। बच्चाको हत्या गरेका वेला मानसिक रोगी हुने महिलाले त्यसअघि पूर्णरूपमा साधारण जीवन बिताइरहेको हुन सक्छ,' डा. कचेभा भन्छिन्।

'हे भगवान, डाक्टर मैले यो के गरेँ ? अब म कसरी बाँच्नु ?' २१ वर्षीया एरिना उनको नवौँ तलामा रहेको फ्ल्याटबाट आफ्नो बच्चा अगाँलोमा राखेर हाम फालेकी थिइन्। उनका श्रीमान् सैनिक हुन् र बच्चा जन्मँदा उनी काममा थिए। आफ्नी श्रीमतीमा मानसिक समस्या देखिएकाले उनले केही उपचार पनि गराएका थिए।

उनी आफ्ना बाबुआमासँग एक वर्षदेखि बस्दै आएकी थिइन्। उनले बच्चाको हत्या र आफ्नो आत्महत्या गर्ने प्रयत्न गरेको अघिल्लो दिन आफ्ना श्रीमान्ले आफ्नो हत्या गर्न चक्कु तिखारिरहेको प्रहरीलाई बताएकी थिइन्। जादुजस्तो भयो, आमा र बच्चा दुवैको ज्यान गएन। उनीहरूलाई अस्पताल पुर्याइयो र पछि एरिनालाई प्रहरीले नियन्त्रणमा लियो। मनोविद्हरूले उनलाई स्किजोफ्रेनिया भएको पत्ता लगाए।

स्किजोफ्रेनिया भएका आमाहरू र डिप्रेसन भएका आमाहरूले आफ्ना बच्चा मार्नुपरेको बारे धेरैजसो उस्तै उस्तै कारणहरू दिने गरेका छन्। 'म यति खराब आमा छु, उसकै राम्रोका लागि हो,' 'यस्तो नराम्रो संसार छ, बच्चा यस्तोमा नबाँचेकै राम्रो।' अपराध गरिसकेपछि उनीहरूलाई शान्ति हुँदैन र पहिलो, दोस्रो या तेस्रो प्रयत्नमा आफ्नै ज्यान लिन्छन,' डाक्टर कचेभा भन्छिन्। उनी भन्छिन् घरका कुनै सदस्यले त्यसो गर्नबाट रोक्न सके भने त्यस्ता महिलाहरूलाई उनको संस्थामा ल्याइपुर्याइन्छ। उपचार सुरु भएको ६ महिनामा उनीहरू पूर्ण रूपमा निको हुन्छन्।

अमेरिकामा जस्तै रुसमा पनि आफ्ना बच्चाको हत्या गर्ने महिलाहरूलाई कस्तो सजाय दिने भन्ने अदालतले निर्णय गर्छन्। यदि, फरेन्सिक मनोविद्हरूले आमालाई पागल पाएनन् भने उनलाई लामो जेल सजाय पनि हुन सक्छ। यस्ता धेरै महिलाहरूले बाल्यकालमा नराम्रो व्यवहार भोगेका हुन्छन्। रुसी फरेन्सिक मनोविद्हरूले गरेको अनुसन्धानअनुसार आफ्नो बच्चाको हत्या गरेका ८० प्रतिशत महिला गरिब परिवारमा हुर्केकाहरू र तीमध्ये ८५ प्रतिशतको आफ्नै वैवाहिक जीवनमा समस्या हुन्छ।

अनुसन्धानकर्ताहरू यी विषयबीच प्रत्यक्ष सम्बन्ध हुने देख्छन् झुटो बोल्ने, विवाद गर्ने, झगडा गर्ने, अप्रसन्नता, मातिने गरी रक्सी खानेजस्ता बानी किशोरी अवस्थामा हुने केटीहरू पछि गएर यस्तै व्यवहार गर्ने गर्छन्।

आफ्ना बाबुआमासँग सहज सम्बन्ध नहुनेहरूको पनि बच्चाप्रति कठोर व्यवहार हुन सक्छ। बच्चाको हत्या गर्ने आमाहरूले त्यसअघि बच्चालाई अति धेरै माया दर्शाएर त्यो प्रवृत्तिलाई छोप्छन्। घरेलु हिंसा पीडितहरूले पनि भविष्यमा यस्ता अपराध गर्नेमा महत्वपूर्ण भूमिका खेलेका हुन्छन्।' 'यस्ता धेरै महिलाहरूले बाल्यकालमा शारीरिक तथा मानसिक दुर्वव्यवहार भोगेका हुन्छन्।'

'जेलका अधिकारीहरू अरू बन्दीका तुलनामा बच्चाको हत्या गर्नेहरूबारे धेरैजसो केही भन्न चाहँदैनन्' अर्कै अपराधमा जेल परेकी नायिका मरिना क्लेसचेभा भन्छिन्। 'मैले पनि उनीहरूलाई भेटेँ उनीहरूकै घर वरपरका मानिसले नभनेसम्म उनीहरू किन जेल परे भन्ने थाहा हुँदैन। जेलभित्र उनीहरूका कुनै साथी हुँदैनन्। उनीहरू असाध्यै चुपचाप बस्छन् र कुनै पनि तर्कवितर्कमा अगाडि सर्दैनन् किनभने उनीहरूलाई अरुले मारिदेलान् भन्ने डर हुन्छ।'

मस्कोस्थित क्लिनिकल प्याथोलजिस्ट याकोभ कोचेटोभ भन्छन्, 'महिलाहरूले आफूमा आउने हत्याको विचार अस्वीकार गर्छन् र बचाउका लागि अरूमाथि आफ्नो आक्रोश थोपर्छन्। 'म त्यस्ता खाले आमाहरूको भत्सर्ना गर्थें। त्यस्तो त मलाई कहिल्यै हुने छैन भन्ठान्थेँ,' एउटा ठूलो दूरसञ्चार कम्पनीमा काम गर्ने विज्ञ ३३ वर्षीया तात्याना भन्छिन्।

'बिक्रीका वेला भेट हुने कैयौँ मानिस, व्यावसायिक भ्रमणमा बन्ने साथीहरू र म असाध्यै बच्चा चाहन्थ्यौँ। बच्चा जन्माउन हामी जस्तो हुनुपर्ने हो त्यसैगरी तयार भएका छौँ जस्तो लाग्थ्यो तर त्यस्तो होइन रहेछ भन्ने देखियो।' 'जन्म दिने काम असाध्यै कठिन थियो र सुँडेनीहरू राम्रा थिएनन्। पछि मलाई जन्म दिएका बखतको झल्को आउन थाल्यो पीडादायी सपना देख्न थालेँ। ब्युँझँदा मुटु हल्लिरहेको हुन्थ्यो। तौल बढ्यो कपाल झर्यो, यी सबैले मलाई मेरो बच्चाप्रति क्रोध बढाउँदै लग्यो। मलाई लाग्न थाल्यो, उसले मेरो जीवन बरबाद पार्यो।' जब बच्चा रातमा सुत्दैनथ्यो अथवा दाँत उम्रन लागेकाले रुन्थ्यो र तात्यानालाई असह्य हुन्थ्यो।

'उसको रुवाइले मेरो टाउको फुट्लाजस्तो हुन्थ्यो र त्यसले मलाई मेरो बाल्यकालमा भोगेका समस्याहरू सम्झाइदिन्थ्यो,' तात्याना सम्झन्छिन्।





'जे पनि मैले नै भोग्नुपर्ने किन भन्ने भावना आउँथ्यो। सुताउने प्रयत्न गरिरहेका वेला मैले बच्चालाई बेस्सरी हल्लाइदिन्थेँ। ऊ डराएर झन् बेस्सरी रुन्थ्यो। मैले उसलाई ओछ्यानमा मिल्काइदिएर चिच्याउँथेँ 'तँ त मरे कै भए जाती हुन्थ्यो। त्यसपछि म लाजले र पश्चातापले भरिन्थेँ किनभने म मातृत्वको मजा लिन सकिरहेकी थिइनँ।'

तात्यानाका श्रीमानले बच्चालाई उनले मानसिक समस्या दिइरहेको बताए। उनका गुनासाहरूलाई बेवास्ता गर्दै उनले भने, 'तिमी एक आमा हौ होइनौ र ? अरुले गर्न सक्छन् तिमी किन सक्दिनौ ? पहिला सुरुमा यो बच्चा नै किन पाएकी ?' एक वर्ष बित्यो र परिस्थिति झन् बिग्रँदै गयो। आत्महत्या गर्ने विचारसहित उनी मनोचिकित्सक कहाँ गइन्।

'यस्ती दुष्ट आमा यो पृथ्वीमा नरहेकै



जाती भन्ने लाग्यो। मेरो छोराले म भन्दा असल आमा पाउनुपर्छ। मानसिक पीडाभन्दा आफैँलाई सिध्याउन मेरा लागि सहज हुनसक्छ। मलाई यस्ता धेरै समस्या थिए। मनोविद्ले तत्काल मेरो समस्यालाई गम्भीरतासाथ लिए र मलाई सहयोग गरे।'

जब आफ्नो बच्चाको हत्याको कुरा अगाडि आउँछ हामी परिवार नियोजनका साधन प्रयोग गर्ने र बेबी बक्स प्रयोग गर्ने कुरा गर्न थाल्छौँ। तर, रुसी र पश्चिमा डाक्टरहरू बच्चा जन्मेपछि हुने डिप्रेसनबारे सचेत रहनु महत्वपूर्ण रहेको बताउँछन्।

'बच्चा जन्माउनुअघि सबै सम्भावित दृष्यबारे विचार गर्नु राम्रो हुन्छ। आफ्नी आमासँग आफ्नो सम्बन्धबारे छलफल गर्ने आफू र आफ्नो पार्टनरबारे आफ्नो भावना के छ त्यो छलफल गर्ने र त्यसले बच्चा जन्माएपछि कसरी आफूलाई प्रभावित पार्नेछ भन्ने विचार गर्नु राम्रो हुन्छ,' मनोविद् मरिना बिलोब्राम भन्छिन्।

मार्ग्रिटा कचेभा भन्छिन, 'मस्को र यो क्षेत्रमा संकटमा परेका महिलाहरूका लागि हाम्रा केन्द्रहरू छन्। घरेलु हिंसादेखि डिप्रेसन भएकासम्म महिलाहरूका लागि यी केन्द्र खुला छन्। तर, ती आधा मात्र भरिएका छन् किनभने महिलाहरू त्यहाँ गएर आफ्ना समस्या भने आफ्ना बच्चा अरूले लैजालान् कि भनेर त्रस्त छन्। स्थानीय तहमा उपलब्ध मनोविद्कहाँ पनि त्यसै कारणले उनीहरू जान डराउँछन्। र आफ्ना श्रीमान् र परिवारलाई भन्दा हप्काइ खानुपर्ने डर छ।' त्यसैले, सके दबाउँछन् न सके हत्या वा आत्महत्या गर्छन्। *(बिबिसिबाट)*

प्रेरक

## बुद्धको अन्तिम दिन



जुन दिन बुद्ध एक गरिब लोहारको घरमा भोजनका लागि गएका थिए, त्यो नै उनको जीवनको अन्तिम दिन बन्यो । लोहार अति नै गरिब थिए । उनीसित बुद्धलाई खुवाउन कुनै पनि वस्तु थिएनन् । उनले बुद्धका लागि बडो प्रेमपूर्वक बर्षातमा काठमा उम्रिएको च्याउको तरकारी बनाएर ल्याए । उनले बडो श्रद्धापूर्वक बुद्धलाई केराको पातमा च्याउको तरकारी अर्पण गरे । च्याउको तरकारी विषभन्दा पनि कडा थियो । तर, लोहारको प्रेम र श्रद्धा देख्दा बुद्धले त्यसलाई प्रेमपूर्वक ग्रहण गरे । लोहारले बीचबीचमा सोधिरहे– प्रभु, तरकारी कस्तो छ ? जबाफमा बुद्ध मुस्कुराए मात्र । बुद्ध मुस्कुराएको देखेर लोहारले बुद्धले तरकारी निकै मीठो मानेको ठानेर झन्झन् थपिदिए । बुद्ध पनि उनको प्रेमभाव देखेर मुस्कुराउँदै तरकारी खाँदै गए ।

बुद्ध जतिजति तरकारी खाँदै गए, उतिउति उनको शरीरमा जंगली च्याउको विष फैलिँदै गयो । अन्ततः उनको स्वास्थ्य निकै खराब भयो । उनलाई उपचारका लागि वैद्यकहाँ पुर्‍याइयो । वैद्यले बुद्धको अवस्था बुझिसकेपछि उनीसित प्रश्न गरे– तपाईंलाई त सबै थाहा थियो । जंगली च्याउ विषालु छ भन्ने थाहा पाउँदापाउँदै पनि तपाईंले ती लोहारलाई किन रोक्नुभएन ?

वैद्यको प्रश्न सुनेर बुद्ध मुसुक्क मुस्कुराए र भने– आखिर मर्नु त एक दिन छँदै छ । आज नभए भोलि या पर्सी त सबैले यस संसारबाट जानैपर्छ । अनि यस्तो शाश्वत मृत्युको भयमा म कसैको असीम प्रेमको उपहास गर्न कसरी सक्थें ? त्यसैले, मैले प्रेम, श्रद्धा र आस्था स्विकारेको हुँ । यो स्विकार्दै गर्दा मृत्युको भय मेरो मनमा कुनै पनि समय आएन ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

शुभचिन्तकहरूको सुझाव नमान्दा दुःख पाइनेछ । अप्ठ्यारो परिस्थिति अँगाल्दै अघि बढ्नुपर्ने समय छ । समस्या दर्साउँदा साझेदार तथा आफन्तजन सहयोगीका रूपमा देखा पर्नेछन् । रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्दा लाभ हुनेछ । साँझदेखि स्थितिमा सुधार आउनाले काम बन्नेछ । विद्यार्थीहरूको अध्ययनमा प्रगति हुनेछ । मिहिनेतले सम्मानित स्थानसमेत दिलाउनेछ ।

### वृष

जिम्मेवारी प्राप्त भए पनि बेलामा होस नपुर्‍याउँदा केही चुनौती आउन सक्छन् । प्रतिस्पर्धीलाई कमजोर नठान्नुहोला । दाजुभाइमा असमझदारी बढ्न सक्छ । प्रतिस्पर्धा बढ्नेछ तापनि साँझतिर व्यवसायमा लाभ हुनेछ । आफन्त र साथीभाइसँग सन्तुलित व्यवहार गर्नुहोला । बिना योजना काम थाल्दा दुःख पाइनेछ । तापनि, शुभचिन्तकको साथ-सहयोगले काम गर्न सकिनेछ ।

### मिथुन

अध्ययनमा प्रगति हुनेछ भने चिताएको काम समेत सम्पादन हुनेछ । पहिलेका कमजोरीलाई सुधार्ने मौका पाइनेछ । बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलालाई निखार्ने अवसर प्राप्त हुनेछ । दिउँसोदेखि नयाँ कार्यतर्फ अग्रसर भइनेछ । व्यापार बढ्नाले लाभ हुनेछ । कामको लगावले मनग्य धन आर्जन हुनेछ । विभिन्न भौतिक साधन संग्रह गर्ने अवसर पनि प्राप्त हुनेछ ।

### कर्कट

सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर जुट्नेछ । सहयोगीहरूले नयाँ कामको प्रस्ताव ल्याउनेछन् । कमजोरी सुधार गर्दै फाइदा उठाउने समय छ । बिछोडिएका आफन्तसँग सम्पर्क हुनेछ । दिउँसोदेखि धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्नेछ । विचारले धेरैलाई आकर्षण गर्ने समय छ । प्रशंसकहरू बढ्नेछन् । मिहिनेतले सम्मानित स्थान दिलाउनेछ ।

### सिंह

सोचविचार गरेर काम गर्नुपर्ला । अरूको विश्वासमा पर्दा धोका हुन सक्छ । टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ । यात्राको साइत जुर्न सक्छ । साँझतिर परिस्थिति अनुकूल बन्नाले महत्त्वाकांक्षी काम गर्न सफल भइनेछ । तारिफयोग्य कामले प्रशंसक बढ्नेछन् । ज्ञान, कला र व्यक्तित्व निखार्ने समय छ ।

### कन्या

आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ । दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । केही राम्रै अवसर प्राप्त हुनेछन् । तर दिउँसोदेखि व्यावसायिक कामले खर्च बढाउनेछ । स्रोत-साधन जुटाउन अधिक रकम लाग्न सक्छ । सरसापटमा पनि केही नगद बाहिरिन सक्छ । बसाइमा स्थानान्तरण वा सानोतिनो यात्रा हुने सम्भावना देखिन्छ ।

### तुला

पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्ला । पारिवारिक मतभेदले काम रोकिएला, सोचेको उपलब्धि तत्काल प्राप्त नहुन सक्छ । अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्न सक्छन् । कामको राम्रै मूल्यांकन भए पनि प्रतिफल हातपार्न केही समय लाग्नेछ । आफ्नो लाभांशमाथि अरूले दाबी गर्न सक्छन् । उठेको रकम खर्च हुनेछ ।

### वृश्चिक

प्रतिष्ठित काम सम्पादन गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ । शुभचिन्तकहरूको सहयोग जुट्नाले मनग्य फाइदा हुनेछ । आध्यात्मिक चेतनाले धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ । नयाँ कामको अवसर मिल्ने र आम्दानीका स्रोत बढ्ने समय आएको छ । पहिलेको स्थितिमा सुधार आउनाले फाइदा हुनेछ । मिहिनेतले कीर्तिमानी कामको यश लिने सौभाग्य दिलाउनेछ ।

### धनु

स्वास्थ्य कमजोर हुनाले काम गर्न समय लाग्नेछ । बिहान न्यून उपलब्धिमा काम गर्नुपरे पनि चुनौतीभित्र अवसर खोज्ने समय छ । प्रयत्न गर्दा जटिल काममा समेत सकारात्मक संकेत प्राप्त हुनेछ । स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्‍याउनुहोला । साँझतिर उपलब्धिको स्रोत प्राप्त हुनेछ भने प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

### मकर

रमाइलो यात्रा र मनोरञ्जनको आनन्द लिने समय छ । अतिथिका रूपमा सत्कार पाइनेछ । कामको चापबाट फुर्सद पाइनेछ । व्यवसायमा सामान्य आम्दानी भइरहनेछ । तर विलासितामा धन खर्च गर्नुपर्ने परिस्थिति आउला । कामले वादविवाद समेत निम्त्याउन सक्छ । साँझतिर स्वास्थ्य कमजोर रहे पनि कामको चाप बढ्नेछ । सञ्चित रकम खर्चनुपर्ने हुन सक्छ ।

### कुम्भ

परिस्थितिवश विवादास्पद काममा अलमलिनुपर्ला । द्वन्द्वले फजुल खर्च निम्त्याउन सक्छ । अवसरवादीहरूले झुक्याउन सक्छन् । पछिका लागि उपलब्धिको स्रोत पनि पहिल्याउन सकिनेछ । यसका लागि गोपनीयतामा भने ध्यान पुर्‍याउनुहोला । सोखले खर्च बढाउन सक्छ । काम पूरा नभए पनि साँझमा मनग्य फाइदा उठाउन सकिनेछ । मिहिनेतले लाभ दिलाउनेछ ।

### मीन

लगनशीलताले अध्ययनमा प्रगति हुनेछ र अनुभवलाई निखार्ने अवसर प्राप्त हुनेछ । मिहिनेतले सम्मानित स्थान दिलाउनेछ । बौद्धिक अभिव्यक्तिको प्रभाव बढ्नेछ । दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । मध्याह्नदेखि प्रतिस्पर्धीहरूबाट अलि सावधान रहनुपर्ला ।

# समाचार

## सवारी दुर्घटनामा १२ जनाको मृत्यु

काठमाडौं । दैलेख, महाबु गाउँपालिका-४ फागुस्थित सडकमा जिप अनियन्त्रित भई दुर्घटना हुँदा सोही गाउँपालिका-५ बस्ने ४० वर्षीय रामबहादुर हमालको घटनास्थलमै मृत्यु भएको छ ।

उदयपुर, उदयपुरगढी गाउँपालिका-७ हाडेवास, चिउरी वासस्थित सडकमा टिपर दुर्घटना हुँदा सोही गाउँपालिका-७ बस्ने १९ वर्षीय उज्ज्वल खपाङ्गीको मृत्यु भएको छ । उनको जिल्ला अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो ।

सिरहा नगरपालिका-११ पदमपुरस्थित सडकमा मोटरसाइकललाई ठक्कर दिँदा कल्याणपुर नगरपालिका-९ डुमरी बस्ने ३४ वर्षीय लालु यादवको मृत्यु भएको छ । उनको जिल्ला अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो ।

यस्तै भक्तपुर नगरपालिका-९ च्यामासिंह चोक नजिक मोटरसाइकल दुर्घटना हुँदा सोही नगरपालिका-१० कमलबिनायक बस्ने दोलखा तामाकोसी गाउँपालिका-१ भिरकोट घर भएका ३४ वर्षीय देबेन्द्र कार्कीको मृत्यु भएको छ । उनको मध्यपुर अस्पताल ठिमीमा उपचारको क्रममा मृत्यु भएको हो ।

राप्ती गाउँपालिका-१ पाखापानीस्थित सडकमा टिपरको ठक्करबाट साइकलयात्री सोही ठाउँ बस्ने ३२ वर्षीया डिला पौडेलको घटनास्थलमै मृत्यु भएको छ । सप्तरी, डाक्नेश्वरी नगरपालिका-९ महुकीस्थित सडकमा ट्याक्टर दुर्घटना हुँदा छिन्नमस्ता गाउँपालिका-३ बस्ने २७ वर्षीय सन्तोष सदाको मृत्यु भएको छ । उनको गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा उपचारको क्रममा मृत्यु भएको हो ।

बुटवल उपमहानगरपालिका-१२ मिलन पार्क नजिक सडकमा मोटरसाइकल दुर्घटना हुँदा २ जनाको मृत्यु भएको छ । मृत्यु हुनेहरूमा गैडहवा गाउँपालिका-९ हात्तीबजार बस्ने २० वर्षीय प्रेम रुचाल र सोही ठाउँ बस्ने २० वर्षीय राउल थापा रहेका छन् । उनीहरूको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो ।

कपिलवस्तु, वाणगंगा नगरपालिका-३ ववनीस्थित सडकमा मोटरसाइकल र स्कुटर दुर्घटना हुँदा सोही नगरपालिका-८ बस्ने २५ वर्षीय नमु पौडेलको मृत्यु भएको छ । उनको एमन्ड सिटि अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो ।

सप्तरी, कंन्चनरुप नगरपालिका-११ बक्साहा चोकस्थित सडकमा हाइस गाडी र मोटरसाइकल दुर्घटना हुँदा बोधेबरसाईन नगरपालिका-५ बस्ने २० वर्षीय अरवान सिडिकको मृत्यु भएको छ । उनको गोल्डेन अस्पताल विराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो ।

तनहुँ, म्याग्दे गाउँपालिका-१ बरचौरस्थित सडकमा बलेरो जिपले स्कुटरलाई ठक्कर दिँदा स्कुटर चालक सोही गाउँपालिका तल्लो गुणादी बस्ने ४० वर्षीय मनोज खनालको मृत्यु भएको छ । उनको जिल्ला अस्पताल तनहुँमा उपचारको क्रममा मृत्यु भएको हो ।

बर्दिया, बारबर्दिया नगरपालिका-८ रम्बापुरस्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा ठाकुरबाबा नगरपालिका-९ घर भएका २३ वर्षीय धन बहादुर चौधरीको मृत्यु भएको छ । उनको मेडिकल कलेज कोहलपुर बाँकेमा उपचारको क्रममा मृत्यु भएको हो ।

## मृत अवस्थामा फेला

काठमाडौं । हुम्ला, सिमकोट गाउँपालिका-२ ठेहे बस्ने ४५ वर्षीय तुला सिंह सुनार सिमिकोट गाउँपालिका-३ स्थित तोर्पा जाने बाटो मुनी गोरग्याफुक भन्ने स्थानमा मंगलबार मृत अवस्थामा फेला परेका छन् । गत माघ २६ गते घरबाट सदरमुकाम सिमकोट आएका उनी सिमकोटबाट घर नफर्केको भन्ने खबर प्राप्त हुनासाथ खटिएको प्रहरीले खोजी गर्नेक्रममा उक्त स्थानमा उनको शव फेला पारेको हो । रुपन्देही, बुटवल उपमहानगरपालिका-१६ बाग कुमार आदर्श टोल बस्ने ३७ वर्षीय गोबिन्द पौडेल सोही उपमहानगरपालिकास्थित दानव नदीमा मंगलबार मृत अवस्थामा फेला परेका छन् । गत माघ २७ गतेदेखि घरबाट हराएका उनको खोजी गर्नेक्रममा उक्त खोलामा शब फेला परेको हो ।

यस्तै काठमाडौं, गोकर्णेश्वगर नगरपालिका-४ गोकर्ण माईती नेपाल पण्डित गाउँस्थित सडकमा सोही नगरपालिका-१ ओखेनी घर भएका ३० वर्षीय रमेश खत्री सोमबार मृत अवस्थामा फेला परेका छन् । यसैगरी गोकर्णेश्वर नगरपालिका-४ गोकर्ण बाग्मती खोला किनारमा हाल नाम, थर, वतन नखुलेका अन्दाजी ४५ वर्षीय पुरुष सोमबार मृत अवस्थामा फेला परेका छन् । रौतहट, दुर्गाभगवती गाउँपालिका-३ मत्सरीस्थित बागमती खोला छेउमा भारत सितामढी बैरगनिया बस्ने ३२ वर्षीय आश नारायण साहको शव र सोही खोलाको बिच भगमा हाल नाम, थर, वतन नखुलेकी अन्दाजी ३५ वर्षीया महिलाको शव सडीगलेको अवस्थामा सोमबार फेला परेको छ ।

डोटी, दिपायल सिलगढी नगरपालिका-५ स्थित फितला सामुदायिक वनमा हाल नाम, थर, वतन नखुलेका अन्दाजी ५० वर्षीय पुरुष सोमबार मृत अवस्थामा फेला परेका छन् । महोत्तरी, बर्दिवास नगरपालिका-३ मर्कास्थित खोल्सीमा सोही नगरपालिका- ३ पाटु बस्ने ५० वर्षीय शुक्रमान दमाई सोमबार मृत अवस्थामा फेला परेका छन् ।

नवलपरासी (पूर्व), कावासोती नगरपालिका-११ कुढैली बस्ने ५५ वर्षीया प्रेम कुमारी गुरौ सोही ठाउँस्थित सुख्खा कुलोमा सोमबार मृत अवस्थामा फेला परेकी छन् । भक्तपुर, सूर्यविनायक नगरपालिका-२ बालकोट बस्ने ३४ वर्षीया मेनुका श्रेष्ठ आफ्नै घरमा सुतेकै ठाउँमा सोमबार मृत अवस्थामा फेला परेकी छन् ।

सुनसरी, बराहक्षेत्र नगरपालिका-८ शेरे चोकस्थित चतरा झुम्का नहरमा सोही नगरपालिका-७ बस्ने ५६ वर्षीया शान्ती देवी विश्वाकर्मा सोमबार मृत अवस्थामा फेला परेकी छन् । उनी गत माघ २४ गतेदेखि घरबाट हराएकोले खोजी गर्नेक्रममा उक्त नहरमा उनको शव फेला परेको हो । झापा, बाह्रदशी गाउँपालिका-७ डाडागाउँ क्याम्प भन्ने ठाउँमा कन्काई नगरपालिका-६ बस्ने ८० वर्षीय कामती तामाङ सोमबार मृत अवस्थामा फेला परेका छन् ।

यस्तै ललितपुर, बागमती गाउँपालिका-७ खुर्मी गिम्दीस्थित बागमती खोलाको होमपाईपमा सोही गाउँपालिका-६ आश्रङ बेशी बस्ने ७२ वर्षीया पानमाया बम्जन आइतबार मृत अवस्थामा फेला परेकी छन् । गोरखा, बारपाक सुलिकोट गाउँपालिका-१ तिम्रा भन्ने स्थानमा सोही गाउँपालिका-२ बारपाक घर भएका १६ वर्षीय करन घले र सोही गाउँपालिका-१ बारपाक घर भएका १६ वर्षीय संजय घले आइतबार मृत अवस्थामा फेला परेका छन् । गत माघ २० गते धार्चे गाउँपालिका-४ लाप्राकतर्फ हिउँ खेल्न भनि गएका उनीहरू सम्पर्कमा नआएपछि खोजी गर्ने क्रममा उक्त स्थानमा दुवै जनाको शव फेला परेको हो ।

### जेसिबि पुरिंदा अपरेटरको मृत्यु

धादिङ । गंगाजमुना गाउँपालिका-५ मझुवाबेशीस्थित मरौटीबाट मझुवाबेशी जाने नयाँ ट्र्याक खन्ने क्रममा माथिबाट ढुङ्गाहरू खसेर जेसिबि पुरिँदा जेसिबि अपरेटर सर्लाही बस्ने ३६ वर्षीय रोशन कुमार चौधरीको मंगलबार दिउँसो मृत्यु भएको छ । जेसिबि पुरिएको र अपरेटरको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय धादिङ र ईलाका प्रहरी कार्यालय फुलखर्कबाट खटिएको प्रहरीले घटनाका सम्बन्दमा थप अनुसन्धान गरिरहेको छ ।

### डुबेर मृत्यु

इलाम । माईजोगमाई गाउँपालिका-४ जागरेस्थित माइखोलामा डुबेर सोही ठाउँ बस्ने दिपक राइकी छोरी ९ वर्षीया अरिना राईको सोमबार दिउँसो मृत्यु भएको छ । उक्त खोलामा अन्य केटाकेटीहरूसँग माछामार्ने क्रममा डुबेर उनको मृत्यु भएको बताइएको छ । जानकी गाउँपालिका-४ मुनिजर पुरुवास्थित चाँद इँटा भट्टा नजिकै पानी जम्मा हुने खाल्डोमा डुबेर भारत पुरम्पुर घर भई सोही इँटा भट्टामा काम गर्ने जाहीद साहको छोरी १ वर्षीया सबिना साहको आइतबार दिउँसो मृत्यु भएको छ ।

### करेन्ट लागेर मृत्यु

रुपन्देही । कञ्चन गाउँपालिका-३ हरैया बस्ने २६ वर्षीया चमेली थापाको करेन्ट लागेर आइतबार साँझ मृत्यु भएको छ । आफ्नै घरमा पानी चलाउने नल्कामा जडान भएको मोटरबाट करेन्ट लागेर गम्भीर घाइते भएकी उनको भैरहवा मेडिकल कलेजमा उपचारको क्रममा मृत्यु भएको हो । चौदण्डिगढी नगरपालिका-७ बस्ने ६० वर्षीय बल बहादुर लिम्बु लावतीको करेन्ट लागेर मंगलबार बिहान मृत्यु भएको छ । आफ्नै घरमा बिजुली बत्ती बनाउने क्रममा अचानक करेन्ट लागेर अशक्त भएका उनको चौदण्डीगढी नगर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Unfeigned = साँचो, वास्तविक The fear that she had of a barking dog was unfeigned भुक्दै गरेको कुकुरदेखि उनी डराएको जस्तो गरेकी होइनन्, साँच्चै डराएकी हुन् ।

Venerate = सम्मान गर्नु, Even in modern time, the spritual leaders are venerated आधुनिक जमानामा पनि आध्यात्मिक नेताहरूलाई ठूलो सम्मान दिइन्छ ।

Warranted = आधिकारिक, वैध This action of the government can not be warranted unless agreed by lagislature विधायिकाले अनुमोदन नगरुन्जेल सरकारको यो कार्य वैध हुन सक्दैन ।

Yen = आकांक्षा My son have always had a yen to go to America to study मेरो छोराले सधैं अमेरिका गएर पढ्ने आकांक्षा राख्यो ।

Zenith = उच्च स्थान वा विन्दु Although he was brilliant and hard working, he could not reach the zenith of his career जेहेन्दार र परिश्रमी हुँदाहुँदै पनि ऊ आफ्नो वृत्तिबाट उच्चस्थानमा पुग्न सकेन ।

Abeyance = स्थगन गर्नु The discussion was held in abeyance until his arrival उसको आगमन नहुञ्जेलसम्मका लागि भनेर छलफलको कार्यलाई स्थगन गरियो ।

Belie = भ्रम पारिदिनु His cheerful manner always belies his seriousness उसको सधैं खुसीजस्तो देखिने प्रवृत्तिले गर्दा उनी गम्भीर होलान् भन्ने कुरामा सबैलाई भ्रम छ ।

Capricious = भन्नै नसकिने किसिमको, She is so capricious that she changes the idea as she changes cloths उनको विचारधाराको बारेमा ठोकेर यसै हो भन्न सकिन्न किनकि तिनी लुगा बदलेको झैं गरी विचार परिवर्तन गरिरहन्छिन् ।

Decorum = औपचारिक व्यवहार, She is a model of decorum when she has guest at home घरमा पाहुना हुँदा गर्नुपर्ने औपचारिक व्यवहारका लागि तिनी नमुनै छिन् ।

Eclectic = छनौटपूर्ण, उपयुक्त, सुसज्जित The interior decoration that she has is eclectic तिनको घरभित्रको साजसज्जा ज्यादै सुसज्जित छ ।

## Attack बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Attack on somebody/something = कसै वा केही चिजमाथि हमला गर्नु They do not attack on the enemy rather on the infrastructure तिनीहरू शत्रुमाथि हमला गर्दैनन् बल्की संरचनामाथि हमला गर्छन् ।

Attack from all sides = सबैतिरबाट आक्रमण गर्नु As the Gorkhali troops attack from all the sides the English troop ran away in the war of Sindhuli सबैतिरबाट एकैपटक आक्रमण गरेपछि सिन्धुलीको युद्धबाट अंग्रेज फौज पछि हट्यो ।

Attack on = आलोचना गर्नु Some dailies tend to attack on government even if there is no issue कुनै कारण नै नभए तापनि कुनै कुनै दैनिक पत्रिकाले सरकारको आलोचना गरिनै रहन्छन् ।

Attack on = निवारण गर्नु This scheme can well attack on poverty यो कार्यक्रमले गरिबी सजिलै निवारण गर्न सक्छ ।

Attack somebody of = ग्रस्त पार्नु The sinking temperature can attack us of cold बढ्दै गएको जाडोले हामीलाई रुघाग्रस्त पार्न सक्छ ।

Attack at = मा हमला गर्नु Insurgents normally attack at night विद्रोहीहरूले सामान्यतया रातमा आक्रमण गर्छन् ।

Attack by = द्वारा हमला गर्नु She was attacked by a group of rubber डाकाको एक समूहले तिनलाई हमला गरेको थियो ।

Attack something with = कपाकप खानु As she is always hungry, she attacks her food gusto सधैं भोकाइरहने भएको कारण तिनी खाना स्वादिलो पाराले कपाकप खान्छिन् ।

Attack something = ध्वस्त पार्नु Rust attacks the metal easily खियाले धातुलाई सजिलै ध्वस्त पार्छ ।

## सुडोकु-अंक २५०

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २ | | | | | | १ |
| | | ९ | | | ४ | | | ७ |
| ४ | १ | | | | ६ | | ३ | |
| ७ | ४ | ५ | ३ | | ८ | | | |
| | | १ | | | | ५ | | |
| | | | १ | | ५ | ९ | ८ | ४ |
| | ७ | | २ | | | | ५ | ६ |
| २ | | | ६ | | | ७ | | |
| ३ | | | | | | १ | | |

## अंक २४९ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | २ | १ | ६ | ३ | ९ | ४ | ५ | ८ |
| ८ | ४ | ३ | १ | ५ | ७ | ९ | २ | ६ |
| ९ | ५ | ६ | ४ | ८ | २ | ७ | ३ | १ |
| ६ | ७ | ९ | ५ | २ | ३ | ८ | १ | ४ |
| ५ | १ | ८ | ९ | ४ | ६ | ३ | ७ | २ |
| २ | ३ | ४ | ७ | १ | ८ | ६ | ९ | ५ |
| १ | ६ | ५ | ३ | ७ | ४ | २ | ८ | ९ |
| ३ | ९ | २ | ८ | ६ | ५ | १ | ४ | ७ |
| ४ | ८ | ७ | २ | ९ | १ | ५ | ६ | ३ |

# LET US BRILLIANTLY ACCOMPLISH THE REVOLU- TIONARY CAUSE OF JUCHE, HOLDING KIM JONG IL IN HIGH ESTEEM AS THE ETERNAL GENERAL SECRETARY OF OUR PARTY (2)

Party organizations should decisively raise the level of the Party life of its members so that they remain always faithful to the oath they took before the Party flag, becoming models for the masses at their posts and playing the vanguard role in fulfilling their revolutionary tasks. We should strengthen the single-hearted unity of the Party and the revolutionary ranks in every way and defend it completely. The single-hearted unity is the most valuable revolutionary heritage bequeathed by the General and the great foundation of our revolution. Our single-hearted unity, formed by the leader, the Party and the masses with a great ideology and warm feelings and affection, is the greatest wealth and cannot be compared to millions of tons of gold. We should boundlessly respect the people, regard their interests as supreme and take care of them with maternal affection.

True to the noble will of the President and the General, who regarded “The people are my God” as their motto, we should regard the people as our God, boundlessly respect them, give prominence to them and conduct every undertaking with their demands and interests at the centre. Party organizations, out of maternal feelings, should always value and love the people, guarantee their political integrity to the last and help them add lustre to it. Just as a mother does not abandon an ugly or mischievous child but is more anxious and concerned about him or her, so Party organizations should ensure that all the people are embraced by the Party and feel the General’s affection. They should not turn their backs on those who make mistakes while performing their tasks, but embrace them and educate them perseveringly so that they can add lustre to their life in the ranks of the revolution.

We should ensure that the noble and beautiful moral trait of helping and leading one another forward prevails throughout the country so that our society is turned into a large, harmonious family that is united with a single heart. A few months ago, Pak Thae Son, a miner at the Kumgol Mine, and Ri Chang Son, a farmer at the Ohyon Cooperative Farm, Yonan County, sacrificed their lives without hesitation to save their comrades. Their heroic deeds greatly moved people. They can be performed only by people in our era who have grown up under the care of the President and the General, and they are an example which all of us should learn from. Party organizations should ensure that all Party members and other working people, with a revolutionary view of life, devote themselves to society, the collective and their comrades, and thus imbue themselves with the spirit of the era of actively contributing to the unity and harmony of their collectives. They should bring into fuller bloom across society the fine traits of respecting the revolutionary forerunners, holding up the heroes and people of merit of the era, loving the younger generations and looking after those people who are in need of society’s care.

Party organizations should grasp the public sentiment and ensure that every undertaking is oriented towards and subordinated to strengthening the single-hearted unity of the revolutionary ranks. Single-hearted unity that is separated from the public sentiment is inconceivable. Party organizations should listen to the opinions of the people, promptly solve any problems they raise, and wage a struggle against the practices of slighting or neglecting the public sentiment. Whenever they are organizing an undertaking or dealing with a matter that is vital to the people, they should examine whether it is conducive to single- hearted unity or not, and approach it prudently on the principle of strengthening that unity.

We should resolutely frustrate the pernicious machinations of the enemy aimed at undermining our single-hearted unity. What the enemy fears most is our single-hearted unity; he persistently resorts to underhand plots to destroy it. With the enemy resorting to every conceivable scheme to check the pure- hearted aspiration of our people who follow their Party and to alienate the Party from them, we should further intensify the education of the people and, at the same time, wage a positive struggle to foil the enemy’s moves.

We should hold fast to the Party’s line of the Songun revolution and increase the country’s all-round military capabilities. Songun is our independence, dignity and lifeblood. We should not forget the bitter lessons of history that our people learned in the past when they lost their country and were subjected to the misery of colonial slavery because of their weak military strength. It is the stark reality of today that if a country is weak militarily it cannot defend its independence and its right of survival and will ultimately fall prey to the imperialists. Therefore, we should make consistent efforts to increase our military capabilities.

We should continue to direct great efforts to strengthening the People’s Army. The might of Songun is the might of the People’s Army, and the key to increasing our military capabilities is to strengthen the People’s Army. We should establish throughout the army the



leadership system of the Party, the command system of the Supreme Commander, and a revolutionary military ethos, thus developing it into the army of the leader, the Party and the Supreme Commander. The People’s Army should further consolidate the political, ideological, military and technological might of our revolutionary armed forces by vigorously conducting the movement to win the title of O Jung Hup-led 7 th Regiment, regarding this as the general task of its political and military work. By intensifying political and ideological education, it should prepare all the service personnel to be strong in their ideology and faith, and to be boundlessly loyal to the Party’s leadership and ready to risk their lives in fighting for the Party and the leader, the country and the people.

It should establish an atmosphere of intensive training as befits the army of Mt. Paektu so as to enhance its combat efficiency to the maximum, and make sure that all service personnel maintain constant readiness for battle. The secret of becoming a-match-for-a-hundred combatants lies in strict training. In wartime a soldier who is exemplary in battle is a hero, but in peacetime a soldier who is good at training is a hero. Service personnel should prepare themselves to be steel-strong, a-match-for-a-hundred, versatile combatants with great mental strength, unyielding fortitude and high combat efficiency and qualifications by training themselves in the atmosphere of an actual battle. They should always be deeply aware of their noble mission as defenders of the country, and if the enemy intrudes by even an inch into the sacred sky, land or sea of our Republic, they should never forgive him.

The People’s Army, the main force of the revolution, should always be the standard-bearer and shock brigade not only in defending the country but also in carrying out the Party’s plan for building a thriving nation and the advance guard in creating and disseminating the Songun culture of the new century. We should provide our service personnel with better living conditions. The people have entrusted their children to the care of the Supreme Commander and officers; we should take good care of their lives, treating them as our own family, true to the intention of the General who bestowed all his affection on them as their own father would do. The work of cementing the great army-people unity should be further intensified. Holding fast to the slogan “Help the people!” the People’s Army should play the leading role in achieving army-people unity by loving and respecting the people and volunteering to help them. The people should positively emulate the revolutionary soldier spirit and fighting mettle of the People’s Army, be wholehearted in their support for it, and if necessary share the same destiny as the service personnel in the same trench.

We should put the defence industry on a highly Juche- oriented, modern and scientific footing, so as to guarantee the country’s defence capabilities materially and technically. The history of our defence industry is the history of the revolutionary activities of President Kim Il Sung and General Kim Jong Il. The might of the defence industry we have so far built up under their wise leadership is indeed great. We should safeguard the imperishable exploits they performed in developing the defence industry and give priority to the development of the defence industry in keeping with the requirements of the line of economic construction in the Songun era, so as to increase the country’s military capabilities in every respect. We should further consolidate the self- supporting character of the defence industry and establish cutting-edge scientific and technological foundations for it. The workers, scientists and technicians in the defence industry should develop more state-of-the-art military hardware of our own style and produce it at the highest qualitative level, thus further modernizing the military hardware of the People’s Army.

An atmosphere in which military affairs are given priority should be created throughout society, and the all-people, nationwide defence system consolidated so that the whole country is turned into an impregnable fortress. Members of the Worker-Peasant Red Guards and Young Red Guards should make full preparations for defending their homes and villages and their socialist motherland by intensifying their military training. We should make radical progress in improving the people’s standard of living and building the country into an economic giant.

To improve the people’s standard of living and boost the country’s economy is essential in the struggle to translate into reality the General’s intention to build a thriving country. The General saw to it that everything was subordinated to developing the country’s economy and improving the people’s standard of living, and laid solid foundations for making the people better off and boosting the country’s economy. We should ensure that the priceless assets bequeathed by the General through a painstaking effort fulfil their potential, thus making our people who have invariably trusted and followed our Party the happiest in the world. This was the ardent desire of the General, and is the firm determination and will of our Party.

We should satisfactorily solve the food problem for the people. At present, various steps are being taken to solve the food problem; we should radically increase state investment in agricultural production and encourage the entire Party, the whole country and all the service personnel and people to turn out and carry out to the letter the Party’s policy on the agricultural revolution. We should conduct farming in a scientific and technological way so as to increase the per-unit area yield and thereby meet the target for agricultural production put forward by the Party without fail, and organize food procurement and administration to the minutest detail so as to ensure a regular food supply for the people.

Efforts should be directed to developing light industry in order to solve the problem of consumer goods. We should take thorough measures for supplying raw and other materials so that light-industry factories can maintain regular production; we should also increase the production of consumer goods and improve their quality, so that everybody will want commodities made in our country. In addition, we should see to it that all the goods we produce are supplied to the people.

Priority should be given to solving the urgent problems facing the people, such as those of houses, drinking water and fuel, so that they do not experience any inconvenience in their lives. We should make the flames of Hamnam blaze higher and launch a determined offensive to boost the vanguard sectors of the national economy, the basic industries, as soon as possible, thus consolidating the foundations for economic development and bringing about a great upsurge in production in all sectors of the national economy.

The electric-power, coal-mining and metallurgical industries and rail transport sector should be given precedence; only then can the national economy be given a boost and the people’s standard of living stabilized and improved. By channelling major efforts into the vanguard sectors of the national economy, the electric- power industry in particular, we can radically increase power production, make the most of the electric power we generate to develop the country’s overall economy and improve the people’s living standards, and strengthen the control over its use. We should bear in mind the will and intention of the General who visited the construction site of the Huichon Power Station several times a year to ease the power shortage, and decisively boost the electric-power industry.

We should thoroughly implement our Party’s grand strategy for achieving prosperity by giving definite precedence to the vanguard sectors and bringing about a great upsurge in production in all sectors and units of the national economy. Amid the flames of the industrial revolution in the new century, we should build our country into one with a knowledge-based economy.It is the world trend to put the economy on a knowledge basis, and we are faced with the epochal task of transforming our national economy into one that develops by dint of knowledge. We should struggle with a high aim and ideal, true to the intention of the General to keep our feet firmly planted on our land and look out over the rest of the world, and beat the world in all aspects. By vigorously waging a drive to achieve a cutting edge with the same pioneering spirit and creative attitude displayed by the developers of the Ryonha machine tools in producing the latest CNC machine tools, we should raise the overall standard of our technical equipment to the world level and perfect our economic structure as required in the era of the knowledge economy.

We should create an atmosphere in which definite precedence is given to science and technology, they are brought closer to production, and all the problems that arise in economic construction are solved by relying on science and technology; by so doing, we should guarantee the economic development of the country by means of science and technology. We should direct efforts to land management so as to turn our country into a people’s paradise which is more beautiful and better to live in. Land management is a patriotic undertaking of everlasting significance for the prosperity of our country, our motherland, and for the well-being of all the generations to come. The whole Party, the whole country, the entire army and all the people should turn out and plant trees so that the whole land is thickly covered with forests in the coming few years. Along with this, they should turn the country into a socialist paradise by bringing about a decisive turn in land management, including the improvement of the rivers and roads, and urban management.

In order to bring about a revolutionary turn in improving the people’s living standards and building an economic giant, we should establish rigid discipline whereby all the problems that arise in economic work are brought to the Cabinet and solved according to its coordinated command. As the headquarters in charge of the country’s economy, the Cabinet should work out economic development targets and strategy on a scientific and realistic basis and in a far-sighted manner, and positively push forward its supervision and guidance of overall economic work in a unified manner. All sectors and units should solve the problems in economic work after consulting the Cabinet, and carry out to the letter its decisions and directives aimed at implementing the Party’s economic policies.

Party committees at all levels should wage a struggle against any practices which hinder the strengthening of the Cabinet responsibility system, the Cabinet-centred system, and fully support the Cabinet and other administrative and economic organs at various levels, so that they can satisfactorily discharge their duty and role as masters and executors of economic work. Efforts should be focused on holding fast to socialist principles in economic work and enhancing the sense of responsibility and role of the working people, who carry out production and construction, so as to increase production to the maximum.

We should also effect an uninterrupted revolutionary upsurge in all fields of cultural construction, including education, public health, literature and the arts, and sports, so as to add lustre to our country as a cultured socialist country. By increasing state investment in education, putting education on a modern basis, radically improving the level of general secondary education and intensifying university education, we can train in larger numbers world-class scientific and technological personnel who will shoulder the building of a thriving socialist country. We should give full play to the advantages of our country’s socialist healthcare system, create and disseminate greater numbers of excellent literary and artistic works of the times, make sports mass-based and create a wave of enthusiasm for sports across the country. In this way, we should ensure that our people become creators and enjoyers of socialist culture that is noble and civilized, and the whole society brims over with joy and optimism.

In order to bring about a decisive turn in the building of a thriving socialist country as was the intention and desire of General Kim Jong Il, we should, first of all, enhance the militant function and role of Party organizations. Party organizations are the political staff of the units concerned, and their basic task is to enlist officials, Party members and other working people in carrying out the Party’s lines and policies without fail. Success in the work of each sector and unit depends entirely on how its

Party organization performs its function and role. Party organizations should thoroughly implement the ideas and lines of the General by firmly establishing policy-oriented principles and conducting energetic political and organizational work.

They should conduct a profound study of the General’s intentions and plans, the tasks facing their respective units to materialize them and the ways of implementing them, arrange their work in a scrupulous manner, organize Party guidance over administrative and economic work to the last detail and rouse officials and the broad sections of the masses of the people to carrying out the General’s instructions.

Party organizations should intensify Party guidance over the law-enforcement organs, such as the judicial, procuratorial and people’s security organs.

The effort to build a thriving socialist country is accompanied by a serious class struggle to eliminate everything that is hostile and non-socialist. Party organizations should ensure that law- enforcement organs discharge their sacred mission and duty by staunchly safeguarding the socialist system and the gains of the revolution and reliably defending the people’s lives, property and security.

Party organizations should intensify Party guidance over the working people’s organizations to ensure that all these organizations and their members turn out as one in the on- going general march. True to the Party’s idea of focusing on young people, Party organizations should give prominence to young people and always pay close attention to working with them. They should lead the youth league organizations to glorify the immortal exploits performed by the President and the General for the youth movement of Korea and step up the education of their members so that our revolution can be steadily carried forward through the generations. Young people should always advance straight forward following the Party; a prosperous tomorrow will be achieved earlier by our young people taking vigorous steps.

Party organizations should give proper Party guidance to trade union and union of agricultural workers organizations so that our trustworthy working class and agricultural working people fulfil their duties as the masters of factories and farms and production workers. Our women constitute a powerful force that pushes ahead one of the two wheels of the revolution. Party organizations should provide effective Party guidance to the women’s union organizations so as to ensure that women fully discharge their duties for the prosperity of the country and the harmony and happiness of society and their families and continue to exalt their honour as the flowers of the era.

Next, officials should perform to the full their responsibility and role as the leading personnel of the revolution. Officials must defend the Party’s policies and lines unto death, standing in the vanguard, and rouse the masses to implementing them, and they must also organize and direct today’s general onward march.

Officials should perform their work in a revolutionary way, on the standpoint that they are entirely responsible for the work in their respective sectors and units. In particular, senior officials should work with a firm determination to prove themselves worthy of the love and trust of the Party and people that have brought them up and raised them to prominence. They should become as honest and able as Kim Chaek, who performed with credit any task however difficult it was, in support of Kim Il Sung. Officials should work with a creative and enterprising attitude and style. They should plan and organize their work with a far-reaching target and ideals, and be pioneers and forerunners in creating and introducing new things. They should also be men of action who carry any undertaking through to completion once they set about doing it. All officials should be resolute in doing away with the outdated ideological viewpoints and backward methods and styles of work.

The position our officials should occupy today is in the vanguard of the ranks; they should be the point-men in blazing the trail and an engine propelling the masses forward. They should devote their all to the people. The people do not exist for the sake of officials, but officials exist for the sake of the people. By learning from the President’s and the General’s view of the people, all officials should go among the people, sharing good times and bad with them, and make tireless efforts for their good. They should always put the people first in their consideration, direct primary concern to their livelihood, always think and work sincerely to solve the problems in their lives and do more for their benefit. They should be true servants of the people who know nothing other than working for the people, are faithful and effective in undertaking it and find pleasure and pride in the efforts they make for them.

By implementing the intentions and instructions of the President and the General, we should accomplish the historic cause of national reunification without fail. And true to their strategy and plan for our external activities, we should proactively contribute to achieving the cause of global independence. Keeping in mind that the President and the General are always with us and are encouraging us, we should redouble our efforts to realize their plans and desires with credit and glorify the new century of the Juche revolution as an era of victory and glory.

For the present, when we are about to hold the Party conference and various other events to celebrate the centenary of the birth of the President, we should scrupulously organize the work t ensure that they are a success. In addition, we should pay close attention to ensuring that our people enjoy themselves on the Day of the Sun in a meaningful way, and make detailed arrangements for it.

## प्रदूषण...

९० लाख जनाको मृत्यु हुने प्रतिवेदनले जनाएको छ। यस विषयलाई धेरै हदसम्म बेवास्ता गरिएको पनि अध्ययनमा बताइएको छ। वल्डोमिटरको तथ्यांकअनुसार कोभिड १९ बाट अहिलेसम्म ५९ लाख मानिसको मृत्यु भइसकेको छ। यो सख्या हरेक वर्ष प्रदूषणका कारण हुने मृत्युभन्दा थोरै हो। 'प्रदूषण र विषाक्त पदार्थहरूले निम्त्याउने जोखिम व्यवस्थापन गर्ने वर्तमान दृष्टिकोणहरू स्पष्ट रूपमा असफल भइरहेका छन्, जसका कारण स्वच्छ, स्वस्थ र दिगो वातावरणको अधिकारको चौतर्फी उल्लंघन भएको छ,' प्रतिवेदनका लेखक डेभिड बायडले भने। रोयटर्ससँगको अन्तर्वार्तामा उनले भने, 'यी व्यक्तिहरूले अझ राम्रो गर्नको लागि मलाई लाग्छ अब हामीसँग नैतिक र कानूनी दायित्व छ।' स्वच्छ वायु र पानीलाई मानिसहरूको एउटा अधिकार भएको घोषणा गरेको राष्ट्रसंघीय मानव अधिकार परिषद (युएनएचआरसी) ले आफ्नो बेसाईटमा सो प्रतिवेदनको मस्यौदा राखेको छ। यो प्रतिवेदन अर्को महिना यूएनएचआरसीमा पेस गरिनेछ।

## एमसीसीले...

सम्झौतामा विद्युत प्रसारण लाइन निर्माण तथा सडक मर्मत सम्भार समेटिएको छ। काठमाडौं उत्तरपूर्व अवस्थित लप्सेफेदीबाट काठमाडौं पश्चिममा रहेको नुवाकोटको रातमाटेसम्मको खण्ड, रातमाटेबाट हेटौंडासम्मको खण्ड, रातमाटेबाट दमौलीसम्मको खण्ड, दमौलीबाट बुटवलसम्मको खण्ड र बुटवलबाट भारतको सिमानासम्मको खण्डमा ४ सय केभी क्षमताका प्रसारण लाइन बनाइनेछ। रातमाटे, दमौली र बुटवलमा सबस्टेशन बन्नेछन्। अनुदानमध्ये तीनसय किलोमिटर प्रसारण लाइन र सबस्टेशन निर्माणमा करिब ४० करोड डलर खर्च गरिनेछ। सडकतर्फ पूर्व पश्चिम राजमार्गको कपिलवस्तु चन्द्रौटाबाट लमही हुँदै बाँके र दाङमा पर्ने शिवखोलासम्म ३ सय ५ किलोमिटर स्तरोन्नतिमा करिब ५.२ करोड डलर खर्च गरिनेछ।

मन्त्रिपरिषद्को २०७५ असोज ५ गते बसेको बैठकले एमसीसीको सहयोगका दुई आयोजनालाई राष्ट्रिय गौरवका आयोजना घोषणा गरिसकेको छ। जसमा काठमाडौं लप्सेफेदीबाट धादिङको गल्छी रातमाटे प्रसारण लाइन र दमौली–भरतपुर–बुटवल प्रसारण लाइन निर्माण आयोजना छन्। एमसीसीलाई आर्थिक विकासमा मात्र केन्द्रित हुने भनिएको छ। साथै यो कुनै सैन्य मामिलासँग नजोडिएको सम्झौता भनेर प्रचार गरिएको छ। तर अमेरिका नेपालमा सैन्य अखडा बनाउन चाहन्छ भन्ने धेरैको आशंका छ। यदि यस्तो हो भने मिसाइल चार्ज गर्नका लागि ४०० केभी प्रसारण लाइनको आवश्यक हुन्छ। स्तरीय सडक फौजी गतिविधिका लागि आवश्यक सर्त हो, त्यसकै लागि अमेरिकाले विद्युत् प्रसारण लाइन र सडक रोजेको ठानिन्छ।

अर्कोतर्फ एमसीसीको कार्यक्षेत्र चीनद्वारा प्रस्तावित केरुङ–काठमाडौं–मुग्लिङ–लुम्बिनी रेलमार्गभित्र पर्छ। जसको विषयमा चीनले सम्भाव्यता अध्ययन गरिरहेको छ। एमसीसी सम्झौता लागू भएमा यसले चिनियाँ रेलमार्ग सम्भाव्यता अध्ययनमा व्यवधान हुनेछ। नेपाल सरकारले एमसीसीमा कुनै नियन्त्रण र निगरानी गर्न नपाउने व्यवस्था छ। यो प्रावधान असंलग्न परराष्ट्र नीतिको विरुद्धमा छ, विकासका योजनाहरू छनोट गर्दा भारत सरकारको पूर्वस्वीकृति लिनुपर्ने प्रावधान रहेको छ। यो प्रावधानले नेपाललाई भारतको कुनै एउटा राज्य स्तरमा झार्दछ। यसले नेपालको वैदेशिक मामिला भारत नियन्त्रित हुनेछ।

परम्परागत ऋण सहयोग वा अनुदान सहयोग अनुमोदन गराउनुपर्ने कुनै कारण छैन। नेपालको प्रचलित कानुनलाई निष्क्रिय बनाउने र एमसीसी परियोजनालाई राजकीय शक्तिमाथि हावी गराउने रणनीति अनुसार नै संसदबाट अनुमोदनको प्रावधान राखिएको हो। संसदबाट अनुमोदन भएपछि त्यसले कानुनसरह मान्यता पाउँछ। एमसीसी पारित भएमा नेपाल एमसीसी परियोजनासहित अमेरिकी गुटमा संलग्न देशका रुपमा चिनिनेछ जसलाई असंलग्न परराष्ट्र नीतिको प्रतिकूल मानिन्छ। चीन नेपालको प्रत्यक्ष लगानीमा पहिलो र अप्रत्यक्ष वैदेशिक लगानीमा दोस्रो देश हो। एमसीसीमा संलग्नताले नेपालको परम्परागत परराष्ट्र नीतिमा विचलन मात्रै आउने छैन, नेपाल शक्ति केन्द्रहरूको तानातानमा फस्नेछ। एमसीसी अमेरिकी इन्डो प्यासिफिक रणनीतिको एक पाटो भएका कारण नेपाल अमेरिकाको सुरक्षा छाताभित्र पर्ने निश्चित छ। यसले नेपालले अंगिकार गरेको असंलग्न परराष्ट्र नीतिमाथि प्रश्नचिन्ह मात्र खडा गर्दैन, छिमेकी मुलुक चीनसँगको कूटनीतिक सम्बन्धमै दरार उत्पन्न गराउने विज्ञहरूको बुझाइ छ।

अमेरिकाले चीनको महत्वकांक्षी परियोजना बीआरआईलाई छेक्न इन्डोप्यासिफिक रणनीति अघि सारेको हो। नेपालले बीआरआईमा १२ मे २०१७ मा हस्ताक्षर गरिसकेको छ। चिनियाँ राष्ट्रपति सि जिन पिङले सन् २०१३ मा घोषणा गरेको 'बेल्ट एन्ड रोड इनिसियटिभ' चीनको महत्वाकांक्षी विकास रणनीतिका रुपमा व्याख्या गरिएको परियोजना हो। घोषणा भएयता बीआरआईमा विश्वका करिब १२५ देशले हस्ताक्षर गरिसकेका छन्। यो परियोजनाले मुख्य गरी सडक सञ्जाल विस्तारमार्फत व्यापार प्रबर्द्धन गर्ने विषयलाई जोड दिएको छ। बीआरआईले बेल्ट अन्तर्गत चीनको पश्चिमी भागलाई सडक र रलमार्गमार्फत मध्य एसिया, रुस, युरोप, दक्षिण एसिया र दक्षिणपूर्वी एसिया हुँदै हिन्द महासागरसँग जोड्ने लक्ष्य छ। रोडअन्तर्गत समुदी मार्गबाट युरोप र अफ्रिकालाई चीनसँग जोड्ने लक्ष्य छ। यो खाकालाई रोड कनेक्टिभिटीका रुपमा देखाउने गरिए पनि बीआरआई परियोजनामा ऊर्जा, सञ्चार र व्यापारजस्ता विषय पनि समेटिएका छन्। बीआरआईको लगानी चाइना डेभलपमेन्ट बैंक, सिल्क रोड एन्ड एसियन इन्फ्रास्ट्रक्चर बैंक आदिबाट जुटाइने बताइएको छ। विकासशील राष्ट्रहरूका लागि नयाँ अवसर सिर्जना गर्ने र चीनको खुलापन तथा सुधारका क्षेत्रमा नयाँ परिदृश्य खोल्ने बीआरआईको उद्देश्य रहेको चिनियाँ राष्ट्रपति सीले जिकिर गरेका छन्। चीनले नेपालको सहभागितालाई महत्वका साथ हेरेको छ। प्रस्तावक चीनलाई दक्षिण एसियासँग जोड्ने बाटोका लागि नेपालको सहभागिता अर्थपूर्ण रहेको बताइन्छ। बीआरआईको अन्तर्राष्ट्रिय दोस्रो सम्मेलनमा नेपालले राखेको ट्रान्स हिमालयन कनेक्टीभिटी र रेल वे कनेक्टीभिटीलाई बीआरआई परियोजनामा जोड्नुपर्छ भन्ने प्रस्ताव पारित भएसँगै व्यावहारिक र व्यापारिक हिसाबले समेत नेपाल चीनसँग नजिकिएको छ।

आर्थिक रुपमा शक्ति विस्तार गर्दै लगेको चीन अमेरिकाको प्रमुख प्रतिस्पर्धी हो। हिन्द प्रशान्त रणनीतिक समर्थक राष्ट्रहरूका बीचमा आर्थिक विकास, संरचनागत विकास र रणनीतिक साझेदारी कायम गर्नु, प्रजातन्त्रलाई बलियो बनाउनु, मानव अधिकारको संरक्षण र प्रबर्द्धन गर्नु, अमेरिकी नेतृत्वलाई सहयोग गरी सुदृढ बनाउनु र रिजनल अर्डरको पुनर्निर्माण गर्नु हिन्द प्रशान्त रणनीतिका उद्देश्यहरू भनिएको छ। तर वास्तवमा हिन्द प्रशान्त रणनीति चीनको आक्रामक आर्थिक विकास र सामरिक क्षमतालाई कमजोर बनाउनु नै हो। अमेरिका चीनलाई आन्तरिक युद्धमा फसाएर कमजोर बनाउन चाहन्छ। खम्पा विद्रोहमार्फत तिब्बतमा गडबडी मच्चाउने अमेरिकी योजनालाई तत्कालीन राजा वीरेन्द्रले खम्पा विद्रोह दमन गरी असफल बनाइदिएका थिए। यही कारण सिआईए र 'रअ' मिलेर दरबार हत्याकाण्डमा वीरेन्द्रको वंश विनाश गराएका हुन्। नेपालमा रहेको तिब्बती शरणार्थीहरूलाई परिचयपत्र दिई खुला राजनीतिक गतिविधि गर्न दिइनुपर्ने दबाब अमेरिकाले नेपाललाई दिइरहेको छ। अमेरिका र उसका पिछलग्गु राष्ट्रहरू नेपाल पूर्ण रुपमा स्वतन्त्र नरहेको ठान्छन्। भारतसँग नेपालको खुला सिमाना हुनु र नेपाली र भारतीय मुद्राको सटहीदर स्थायी हुनुले उनीहरू नेपाल भारतकै विस्तारित भूभाग भएको प्रचार गर्छन्। यही कारण एमसीसी सम्झौताको अनुदानमा भारतको समर्थन चाहिने भनिएको हो। इन्डोप्यासिफिक स्ट्रटिजीमा नेपालको केन्द्रीय भूमिका रहने अमेरिकी भनाइले नेपालमा चीनविरोधी अमेरिकी गतिविधि अरु बढ्ने संकेत गर्छ। सर्तसहितको एमसीसी सम्झौतामा हस्ताक्षर गरेर नेपालले आफ्नो पञ्चशील सिद्धान्तमा आधारित असंलग्न विदेश नीति र राष्ट्रसंघीय बडापत्रकै विपरीत गम्भीर गल्ती गरेको छ। अमेरिकी सिनेटले तिब्बती शरणार्थीहरूलाई सहयोग गर्ने नीति पारित गर्नु र नेपाल अमेरिकी स्वार्थको हिन्द प्रशान्त रणनीतिमा सामेल हुनुले उत्तरी ड्रागनलाई अवश्य झस्काएको छ।

## मताधिकार...

उनका अनुसार निर्वाचन आयोग र परराष्ट्र मन्त्रालयको समन्वयमा विदेशमा रहेका नेपालीको मतदाता नामवलीमा समावेश गर्न सकिने अवस्था छ। 'राहदानी बनाउंदा फोटो र औंठा छाप लिइएको हुन्छ। मतदाता परिचयपत्र बनाउंदा पनि फोटो र औंठा छाप लिइन्छ', उनले भने,'त्यही सूचना निर्वाचन आयोगले परराष्ट्रबाट लिन सक्दछ।'

काठमाडौं विश्वविद्यालय स्कुल अफ म्यानेजमेन्टका एशोसिएट डिन प्रा.अच्युत वाग्लेले राहदानी र नागरिकता नछोडेसम्म मताधिकारको अधिकार रहिरहने बताए। सर्वोच्चले २०७४ मै विदेशमा रहेका नेपालीलाई मतधिकार दिलाउन फैसला गरेको थियो। 'संविधानले नागरिकवीच भेदभाव गरेको छैन। अहिले हामी प्रविधिको विश्वमा छौं। यसले कुनै सिमा छुट्याउंदैन। नीति संवादमा साउदी अरेबिया, कतार, मलेशिया र भारतमा कार्यरत आप्रवासी कामदारहरू समेत सहभागी थिए। दक्षिण एसिया ट्रेड युनियन समन्वय समितिका महासचिव लक्ष्मण बस्नेत, प्रवासी श्रमिक समाजका अध्यक्ष धरम केसी, मलेसियाका अधिकारकर्मी सपना बस्याल, भारतबाट रामबहादुर खड्काले आफुहरूले मतदान दिन पाउने अधिकार सुनिश्चित गराउन कानुन बनाउन जरुरी भइसकेको बताए।

आप्रवसनसंग प्रत्यक्ष सरोकार राख्ने संस्थाहरू सामी परियोजनाकी कार्यक्रम संयोजक सीता घिमिरे, सुरक्षित आप्रवसनका लागि राष्ट्रिय सञ्जालका अध्यक्ष हरिबहादुर थापा, ल्याप्सोसका बरुण घिमिरे तथा आइएफइएसका उपनिर्देशक राधिका रेग्मी पोखरेलले सर्वोच्चको फैसलालाई कार्यान्वयन गर्न सरकारले आवश्यक नीतिहरू निर्माण गरि कार्यान्वयन गराउन सबै सरोकारवाला संस्थाहरूले दबाब सिर्जना गर्नु पर्ने सुझाव व्यक्त गरे।

## विश्व...

उक्त कुरा उल्लेख छ। बैंकले सार्वजनिक गरेको फाइनान्स फर एन इक्टेवल रिकर्भरी अर्थात् समतामूलक आर्थिक पुनर्स्थापनामा वित्तको भूमिका नामक प्रतिवेदनअनुसार विकासोन्मुख मुलुकमा कोरोनाले पैदा गरेको संकट र गैरपारदर्शी ऋणले सिर्जना गरेको वित्तीय कमजोरीबाट आर्थिक जोखिम वृद्धि भएको छ। बढ्दो मुद्रास्फीति र व्याजदर वृद्धिले आर्थिक सुधारमा थप चुनौती खडा गरेको भन्दै विकासशील मुलुकले स्वस्थ वित्तीय क्षेत्र निर्माणतर्फ ध्यान केन्द्रित गर्नुपर्नेमा जोड दिइएको छ। प्रतिवेदनअनुसार कोरोनाबाट अर्थतन्त्रमा पुगेको असर न्यूनीकरणका लागि कतिपय मुलुकले आपत्कालीन कोरोना स्टिमुलस प्रारम्भ गरेका थिए, जसले व्याप्त सामाजिक-आर्थिक प्रभाव कम गर्न मद्दत गर्‍यो। निष्क्रिय कर्जामा देखिएको पारदर्शिताको कमी, संकटग्रस्त सम्पत्तिको सुस्त व्यवस्थापन, कमजोर घरपरिवार र व्यवसाय ऋणको पहुँचबाट टाढा रहनुले असमानतामात्र नभई गम्भीर आर्थिक समस्या उत्पन्न गर्ने प्रतिवेदनको ठहर छ।

## सत्ता गठबन्धन...

कांग्रेस सभापतिसमेत रहेका प्रधानमन्त्री देउवाले बुधबार माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग छलफल गरेका थिए। उनले कांग्रेस यो सम्झौताबाट ब्याक नहुने र आफूसँग अन्य विकल्प पनि रहेको बताइसकेका छन्।

एमसीसी अस्वीकार गरेमा विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष लगायत दातृ निकायबाट प्राप्त हुने ऋण अनुदान पनि कटौती हुनसक्ने कांग्रेस नेताहरूको ठम्याइ छ। कांग्रेस नेताहरू पनि एमसीसीलाई चुनावी परीणामसँग हेर्न नहुने बताउँदै आएका छन्। माओवादी अध्यक्ष प्रचण्डले आफू अहिले चौतर्फी घेराबन्दीमा परेको बताउन थालेका छन्। माओवादीभित्र देव गुरुङ, नारायणकाजी श्रेष्ठ पक्षधरहरू एमसीसीको तीव्र विरोधमा छन्। अर्को धार पनि त्यति आक्रामक छैन। तर, अहिलेको अवस्थामा एमसीसीको पक्षमा लागे आगामी निर्वाचनमा असर गर्ने माओवादी केन्द्रका नेताहरूको बुझाइ छ। त्यही भएर चुनावपछि मात्र एमसीसीबारे निर्णय लिइनुपर्ने मत माओवादीमा छ।

प्रचण्डले बुधबार प्रधानमन्त्री देउवासँगको छलफलमा अहिले मोरल्ली एमसीसीको पक्षमा आफ्नो पार्टी उभिन नसक्ने र नैतिकताका आधारमा सरकारबाट बाहिरिने बताएका थिए। तर, देउवाले भने बरु विपक्षमा मतदान गर्न तर सरकारबाट नबाहिरिन भनेका थिए। अघिल्ला सभामुख कृष्णबहादुर महराले पनि एमसीसी अगाडि बढाउन साथ दिएका थिएनन् भने हालका सभामुख अग्नि सापकोटा पनि राष्ट्रिय सहमति चाहिने बताइरहेका छन्। सभामुखको आलोचना प्रमुख प्रतिपक्षी एमाले अध्यक्ष केपी ओलीले गर्ने गरेका छन्। सरकारले अगाडि बढाएका बिजनेस सभामुखले रोक्न नमिल्ने उनी सार्वजनिक कार्यक्रममै बताउँदै आएका छन्।

माओवादी केन्द्रका जनवर्गीय संगठनले त बुधबार एमसीसीविरुद्ध आन्दोलन नै गरे। नेता नारायणकाजी श्रेष्ठ पनि सडकमा उत्रिएका थिए। नेकपा (एकीकृत समाजवादी) का प्रवक्ता जगन्नाथ खतिवडा संशोधन बिना एमसीसी पारित नै नहुने बताउँछन्। एमसीसीको सवालमा माओवादी केन्द्र र एकीकृत समाजवादीका लाइन मिल्न जान्छ। एकीकृत समाजवादीका जनवर्गीय संगठन पनि मंगलबार प्रदर्शनमा उत्रिएका थिए।

गठबन्धनमा रहे पनि सत्तामा नरहेको राष्ट्रिय जनमोर्चा सुरुदेखि नै एमसीसीको विपक्षमा छ। अध्यक्ष चित्रबहादुर केसी एमसीसी राष्ट्रघाती रहेको बताउँदै आएका छन्। एमसीसीको विरोधमा बुधबार कम्युनिस्ट पार्टीहरूले गरेको नेपाल बन्दमा जनमोर्चा पनि सहभागी थियो। कांग्रेस नेता रामचन्द्र पौडेलले एमसीसी सम्झौतामा कम्युनिष्ट दलहरूको पनि सहभागिता रहेकाले धोका दिन नपाइने बताएका छन्। पौडेलले कुरा गर्दै भने 'माओवादीले एमसीसी सदनमा टेबल गर्न नदिए पनि भोलिपर्सी त आखिर टेबुल गर्नु छँदैछ, यो जसरी पनि टेबल भएर छोड्छ।' एमसीसी सम्झौता जसरी पनि अनुमोदन हुने पौडेलले विश्वास व्यक्त गरे।

कांग्रेस नेता मीनेन्द्र रिजालले कांग्रेस धेरै उग्रबामपन्थीजस्तो देखिन नमिल्ने बताए। उनले गर्दै भने, 'म धेरै व्याख्या नगरी भन्छु, कांग्रेसले जीवनभर राजनीति गर्‍यो, यहि राजनीतिको निरन्तरतामा एमसीसीको परिणाम आउने हो। कांग्रेसले आर्दशको राजनीति गर्दा सत्ता रहला नरहला तर आफ्नो राजनीतिमा रहनुपर्छ।'

## संघाई...

आएका छन्। एक जर्मन टेलिभिजनको अन्तर्वार्ताकर्तासँग इमरान खानले तीव्र आक्रोश पोख्दै स्वीकार गरेका थिए कि उनको भारत तथा कश्मीरप्रतिको भनाइप्रति विश्वले वेवास्ता गर्दै आएको छ। उनीले जनाएअनुसार भारत एक अर्बभन्दा बढी जनताको ठूलो बजार रहेको छ। उनको आफ्नो देशको विश्वमा दोहोरो भूमिका रहनुको मुख्य र महत्वपूर्ण कारणमध्ये पहिलो आतंकवादको मुख्य सञ्चालक हुनु तथा निरन्तर रूपमा भारतमाथि आफूले निर्मित परमाणु अस्त्रहरू जो होलेन्डबाट चोरेको प्रकृति अनुरूप निर्मित तथा उत्तर कोरिया जस्तो दुष्ट राष्ट्रबाट किनेको मिसाइल ब्लुप्रिन्टहरूको दुष्टतापूर्ण तरिकाले प्रयोग गर्नुरहेको छ। तैपनि प्रधानमन्त्रीका रूपमा इमरान खानको आन्तरिक क्रियाकलाप नराम्रो र घटिया स्तरको रहेकोले आन्तरिक जनमतका दृष्टिमा समेत नराम्रो रहेको छ।

संघाई सहयोग संगठन राजनीतिक, आर्थिक तथा सुरक्षा संकटका दृष्टिले 'युरेसियन' संगठनको रूपमा वर्णित गर्ने गरिएको छ। शायद बढी उल्लेखनीय रूपमा यो इस्टर्न नाटोको चीन र रुसबाट प्रभावित रहेको छ। संघाई मा जुन २००९ मा स्थापित त्यस संगठनसँग आवद्ध हुन भारतले १६ वर्ष जति पर्खनुपर्नेछ। तर जे भए पनि भारतले त्यसलाई छोड्ने प्रश्न नै उठ्दैन। भारत दक्षिण एसियाई क्षेत्रीय सहयोग संगठनको संस्थापक सदस्य हो, त्यसैले भारतले त्यसलाई परित्याग गर्ने प्रश्न नै छैन। क्षेत्रीय बैठकहरूमा चीनको ठूलो मुद्दा उसको तथाकथित बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआइ) रहेको छ, जो बढीमा बेजिङको निर्देशनमा रहेकोले नयाँ दिल्लीलाई प्रभावित पार्न असफल रहेको छ। यो प्रायः निश्चित नै छ कि संघाइ सहयोग संगठनको बैठकमा चीनले भारतलाई त्यसको जालोमा फँसाउने अर्को प्रयास गर्नेछ तर फेरि सफलता पाउने छैन।

संघाई सहयोग संगठनको दिल्लीमा हुने बैठकको सान्दर्भिक प्रतिफलका सम्बन्धमा यो भन्न सकिन्छ कि जब त्यसको मुख्य आशा तथा प्रतिबद्धताहरू जो विगतका बैठकहरूमा गरिएका थिए, अहिलेसम्म पूरा गर्न सकिएको छैन। त्यसका बावजुद पनि थुप्रै यस्ता विषयहरू जस्तै-व्यापार, आतंकवादहरूको विरोध, स्वास्थ्य सुरक्षा, सम्पर्कप्रति संघाई सहयोग संगठनका सदस्यहरू सहयोग गर्न स्वीकृति जनाइसकेका छन् तर प्रतिफल भने नराम्रो नै रहेको छ।

### के हो संघाई सहयोग संगठन ?

चीनको मुख्य सहरका नाममा स्थापित संघाई सहयोग संगठन (एससिओ) राजनीतिक, आर्थिक, सुरक्षा सहयोग संगठन हो। यसको मुख्यालय चीनको राजधानी बेइजिङमा छ। संघाई सहयोग संगठन को सुरुआत कम्युनिस्ट मुलुक चीन र रूस के नेतृत्वमा भएको हो। यो संगठनमा संस्थापक देशहरू रुस र चीन अलवा कजाकिस्तान, किर्गिस्तान र ताजिकिस्तान पनि हुन्। यी पाँच देश मिलेर सन् १०९६ मा संघाई सहयोग संगठनको पहिलो बैठक भएको थियो। यो बैठकमा नस्लीय, धार्मिक तनावबाट विश्वलाई कसरी मुक्त गर्ने ? भन्ने सन्दर्भमा विभिन्न प्रस्ताव पारित भएका थिए। त्यसबाहेक यी पाँच देशले एक अर्कालाई कसरी सहयोग गर्न सकिन्छ भन्ने सन्दर्भमा पनि विभिन्न एजेन्डा तय गरेका थिए।

सन् २००१ मा संघाई उजबेकिस्तानलाई पनि सामेल गराएर औपचारिक नाम संघाइ सहयोग संगठन भनेर दिइएको थियो। संघाई सहयोग संगठनको पर्यवेक्षक देश अफगानिस्तान, बेलारूस, इरान र मंगोलिया पनि हुन्। अज़रबैजान, आर्मेनिया, कंबोडिया, नेपाल, टर्की र श्रीलंका संघाइ सहयोग संगठनका वार्ता साझेदार देश हुन्।

भारत र पाकिस्तान ९ जुन २०१७ मा कजाख्स्तानको अस्तानामा आयोजित शिखर सम्मेलनमा संघाई सहयोग संगठनको पूर्ण सदस्यका रूपमा सम्मिलित भएका थिए। यस संगठनले आठ सदस्य राष्ट्रहरूमा सदस्यता विस्तार गरेको छ। राज्य परिषद्का प्रमुख यस संगठनमा सर्वोच्च निर्णय गर्ने सर्वोच्च निकाय हो यसको बैठक वर्षमा एकपटक हुन्छ र संगठनको सबै महत्वपूर्ण मामिलामा निर्णय र दिशानिर्देश गर्दछ। सहयोग र समन्वय बढाउन, आतंकवाद र अन्य बाह्य खतराहरूको विरुद्ध र क्षेत्रीय शान्ति र स्थायित्व कायम गर्नका लागि नियमित रूपमा सैनिक अभ्यास पनि गरिन्छ। भौगोलिक क्षेत्रको र जनसंख्याको हिसाबले संघाई सहयोग संगठन विश्वको सबैभन्दा ठूलो क्षेत्रीय संगठन हो। यसले युरेसिया महाद्वीपको ३/५ भाग र मानव जनसंख्याको आधा हिस्सा ओगट्छ। यस संगठनलाई यसका सदस्य राष्ट्रहरूले मानवअधिकार उल्लंघनसम्बन्धी अन्तर्राष्ट्रिय आलोचनाबाट जोगिन उपयोग गर्छन् भनेर आलोचना गरिन्छ।

## रोजेको...

दलले आफूले प्रयोग गर्दै आएको चुनाव चिह्न रोज्न पाउने छैनन्। उनीहरूलाई निर्वाचन आयोगले दिएको नयाँ चुनाव चिह्नबाट चुनाव लड्नुपर्ने हुन्छ। ऐनअनुसार गत निर्वाचनमा प्रत्यक्ष तर्फबाट एक सिट र समानुपातिकतर्फ ३ प्रतिशत मत ल्याउन नसकेका दल राष्ट्रिय दल होइनन्। नेकपा एस, लोसपाले भने राजनीतिक दलसम्बन्धी ऐनको दफा ५२ मा संशोधन गरी राष्ट्रिय दलको मान्यता पाउने व्यवस्था गरेर पार्टी फुटेका कारण आफूले रोजेको चुनाव चिह्न पाउने भएका हुन्।

नेकपा एमालेबाट टुक्रिएर बनेको नेकपा एस र जसपा टुक्रिएर बनेको लोसपाले अध्यादेशमा व्यवस्था गरिएको कारणले राष्ट्रिय दलको मान्यता पाएका हुन्। यस अघिको चुनावमा जुनसुकै चिह्नबाट निर्वाचन लडेको पार्टी भए पनि अब आयोगले नै दिएकोमा चित्त बुझाउनुपर्ने भएको छ। पहिले नै चुनाव चिह्नबाट पाएका दलले कुनै पनि दाबी गर्न नपाउने कानुनी व्यवस्था छ।

**आयोगमा १०६ दल दर्ता**

फागुन ४ सम्ममा निर्वाचन आयोगमा १०६ वटा दल दर्ता छन्। गत साउनमा आयोगमा दर्ता भएका ४१ वटा राजनीतिक दल खारेज भएका थिए। ती दलले लगातार तीन वर्षसम्म लेखापरीक्षण प्रतिवेदन आयोगमा नबुझाउँदा खारेजीमा परेका थिए। हरेक राजनीतिक दलले आफ्नो पार्टीभित्रको आय-व्यय विवरण लेखापरीक्षण गरी आयोगमा पेश गर्नुपर्ने कानुनी प्रावधान छ।

## सत्तापक्षीय...

प्रमुख घटक नेपाली काँग्रेस भने एमसीसी संसदबाट पास गर्नुपर्ने पक्षमा रहेको छ। प्रदर्शनमा सहभागी वरिष्ठ अधिवक्ता डा. सुरेन्द्र भण्डारीले एमसीसी नेपालको हीतमा कदापि नभएको दाबी गर्नुभयो। उहाँले एमसीसीले नेपालको भौगोलिक अखण्डतामाथि पनि चुनौति थप्ने बताउनु भयो। वरिष्ठ अधिवक्ता भण्डारीले एमसीसी सम्झौता लागू भएमा नेपालको कानून र सुरक्षा निकायले पनि एमसीसीको मुद्दा हेर्न नपाउने व्यवस्था रहेको बताउनुभयो।

वरिष्ठ अधिवक्ता भण्डारीले भन्नुभयो, 'एमसीसीले हाम्रो भौगोलिक अखण्डतामाथि पनि चुनौति दिएको छ। हाम्रो कानून प्रणाली भनेको के हो भने सबैलाई कानूनले सम्मान व्यवहार गर्दछ। अपराधीलाई दण्डित गर्दछ। निर्दोषलाई संरक्षण गर्छ भन्ने हो। तर जहाँ एमसीसी प्रोजेक्ट लागू हुन्छ त्यहाँ एमसीसीको अपराधमा नेपालको अदालतले पनि मुद्दा हेर्न पाउँदैन, सुरक्षा निकायले पनि अनुसन्धान गर्न पाउँदैन। त्यसले गर्दा हमीले सोच्दै नसोचेको अकल्पनीय, हाम्रो कानूनि प्रणाली भन्दा पनि बाहिरको फौजदारी सजाय पनि नहुने जुन किसिमको एमसीसीमा गरियो त्यो हाम्रो लागि सह्य छैन।'

वरिष्ठ अधिवक्ता भण्डारीले एमसीसीमा नेपालीहरूका लागि अकल्पनीय कानूनी प्रणाली समावेश गरिएको भन्दै त्यो कुरा कोही पनि नेपालीहरूका लागि सैह्य नहुने चेतावनी दिनु भयो।

यसैबीच विप्लव नेतृत्वको नेकपासहित पाँच दल र एक मोर्चाले एमसीसीका विरुद्ध अह्वान गरिएको नेपाल बन्द ऐतिहासिक, भव्य र सानदार रूपले सफल भएको निष्कर्ष निकाल्दै बन्दमा सघाउने सबै पार्टीका नेता-कार्यकर्ता र जनतालाई धन्यवाद दिएका छन्। पाँच दल र एक मोर्चाले बुधबार साँझ संयुक्त प्रेस विज्ञप्ति जारी गरी नेपालबाट एमसीसी कम्प्याक्ट खारेज नहुँदासम्म निरन्तर सङ्घर्षमा डटिरहन देशभक्त नेपाली जनतामा हार्दिक अनुरोध गर्दै सङ्घर्षको निरन्तर नेतृत्व गरिरहने प्रतिबद्धता व्यक्त गरेका छन्।

विज्ञप्ति जारी गर्नेहरूमा नेकपाका महासचिव विप्लव, नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण', नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष ऋषि कट्टेल, नेकपा माओवादी केन्द्र समाजवादीका अध्यक्ष कर्णजित बुढाथोकी, देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सीपी गजुरेल र वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालका संयोजक आहुती छन्। संयुक्त विज्ञप्तिमा भनिएको छ, 'नेपाल राष्ट्रको रक्षार्थ ५ कम्युनिस्ट पार्टी र १ मोर्चाले एमसीसी कम्प्याक्टलाई संसद्मा पेस गरी पारित गराउने देउवा सरकारको धृष्टताका विरुद्ध आयोजना गरेको जनसङ्घर्षको नेपाल बन्द कार्यक्रम ऐतिहासिक, भव्य र सानदार रूपमा सम्पन्न भयो। घोषित नेपाल बन्दको कार्यक्रमलाई सफल पार्न सङ्घर्षमा लागिपर्ने पार्टीका नेता-कार्यकर्ताहरू, आफ्नै तरिकाले सङ्घर्ष गर्ने सङ्घ-सङ्गठन एवम् व्यक्तित्वहरू, संसद् भवन र सरकारी गठबन्धनभित्रबाट सङ्घर्ष गर्ने नेता एवम् सांसदहरू र महान् नेपाली जनतामा हार्दिक बधाईसहित धन्यवाद व्यक्त गर्दछौं।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'नेपाल बन्दका क्रममा राज्यले गरेको दमन र धरपकडको घोर निन्दा एवम् भर्त्सना गर्दछौं। बन्दलाई सफल पार्न खटिएका नेकपा माओवादी केन्द्र समाजवादीका केन्द्रीय संयोजक क. कर्णजित बुढाथोकी सुशील, मेघबहादुर खत्री, जनक विक, कपिल सिँजापति, नेकपा क्रान्तिकारी माओवादीका केन्द्रीय नेताहरू दिनेश शर्मा, पवनमान श्रेष्ठ, सुरेश श्रेष्ठ, प्रेम सुवेदी, हरिकृष्ण गजुरेल, दीपक शाही, वसन्त बोगटी, कृष्णभक्त महर्जन, फुर्नाम्गेल मोक्तान, शारदा महतलगायतलाई गिरफ्तार गरिएको छ। वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका सकल लिम्बु, राजकुमार हिङमाङ, बुद्धलक्ष्मी महर्जन, महावीर विश्वकर्मा, रूपा सुनार, शशि सुनार, भूपाल साङपाङ, मोहन लकान्द्रीलाई गिरफ्तार गरेको छ। त्यस्तै उपत्यका र देशैभरिबाट दर्जनौं नेता र कार्यकर्ताहरूको गिरफ्तारी भएको छ। उहाँहरूलाई तुरुन्त रिहा गर्न नेपाल सरकारसँग जोडदार माग गर्दछौं।'

संयुक्त विज्ञप्तिमा अगाडि भनिएको छ, 'नेपाल बन्दका क्रममा घाइते हुनुभएका क. लोकेश जोशी, क. फूलमती सापकोटा, भूपाल विक, सुदीप शाही, निगम भण्डारी, चिरायु भेटवाल, मनोज बुढा, दिनेश नेपाली, निराजन धामीलगायत सम्पूर्णको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं। नेपालबाट एमसीसी कम्प्याक्ट खारेज नहुँदासम्म निरन्तर सङ्घर्षमा डटिरहन देशभक्त नेपाली जनतामा हार्दिक अनुरोध गर्दै हामी सङ्घर्षको निरन्तर नेतृत्व गरिरहने प्रतिबद्धता व्यक्त गर्दछौं।'

## ९० दिनमा...

१०.६ र एक वर्षमा ११.३ प्रतिशतले मूल्यवृद्धि हुन सक्ने अनुमान गरेको थियो। सर्वेक्षणमा सहभागी उत्तरदातामध्ये करिब ९२ प्रतिशतले आगामी तीन महिना र करिब ९७ प्रतिशतले आगामी एक वर्षमा मूल्य बढ्ने प्रक्षेपण गरेको राष्ट्र बैंकले जनाएको छ। उत्तरदाताहरूले गत असोजको तुलनामा आगामी तीन महिनामा खाद्यान्न, दाल, चिनी, मसला, माछा-मासु, दूध, घिउ अनि तेलको मूल्य बढ्ने र तर रियल इस्टेटको घट्ने अनुमान गरेका छन्। आउँदो एक वर्षमा तरकारी, फलफूल, माछा-मासु, तेल, मदिरा र सुर्तीलगायत वस्तुको मूल्य गत असोजको तुलनामा बढ्ने अनुमान गरेका छन्। तर गत असोजको तुलनामा आउँदो एक वर्षमा होटल/रेस्टुरेन्ट र रियल इस्टेट क्षेत्रको मूल्य घट्ने अनुमान गरेको सर्वेक्षणले उल्लेख गरेको छ। राष्ट्र बैंकले गत असोज २१ देखि २७ गतेसम्ममा मुलुकभरका १७ वटा ठूला सहरी क्षेत्रका १४ वटा बजारबाट विभिन्न उमेर समूहका उपभोक्तासँग स्थलगत अन्तर्वार्ता गरेर सर्वेक्षण गरेको जनाएको छ। सोही क्रममा सहरी क्षेत्रका ७ सय २० व्यक्तिगत उपभोक्ताबाट प्राप्त उत्तरका आधारमा सर्वेक्षणको नतिजा निकालिएको राष्ट्र बैंकले प्रस्ट्याएको छ।

## आईओसी...

निगमलाई आगामी १५ दिनमा करीब २ अर्ब ४१ करोड घाटा हुने स्थिति देखिएको पनि निगमले जनाएको छ। निगमले चालु आर्थिक वर्षको माघ मसान्तसम्ममा करिब २४ अर्ब रुपैयाँ नोक्सानी व्यहोरेको जनाएको छ।

## क्रिमिया...

आक्रमण गर्न सक्छ, अमेरिकी राष्ट्रपति जो बाइडेनले मंगलबार मस्कोद्वारा आक्रमणको धेरै सम्भावना रहेको चेतावनी दिनुभएको थियो। रूसी दाबीको बाबजुद वासिंटन र यसका सहयोगीले अझै दशौं हजार सेनाहरू फिर्ता गर्ने कुरा प्रमाणित गर्न नसकेको बाइडेनले बताउनुभएको छ।

यसैबीच युक्रेनले आफ्ना बैंक र रक्षा मन्त्रालयका क्षेत्रहरू साइबर हमलाबाट प्रभावित भएको बताएको छ। युक्रेनसँगको सीमामा सैन्य अभ्यास गरेर आफ्ना केही सेना फर्किएको रूसले बताइरहेका बेला युक्रेनले आफ्ना संवेदनशील क्षेत्रमा साइबर हमला भएको दाबी गरेको हो। 'यसलाई अस्वीकार गर्न मिल्दैन कि आक्रमणकारीले फोहोर साना चालहरूको रणनीति प्रयोग गर्‍यो किनकि यसका आक्रामक योजनाहरू ठूलो मात्रामा काम गरिरहेका छैनन्,' युक्रेनको साइबर वाचडचले रसियाको संलग्नतातर्फ लक्षित गर्दै भनेको छ।

युक्रेनको निजी बैंक प्रयोगकर्ताले भुक्तानीमा समस्याको सामना गरिरहेको बताएका छन् भने ओशाद बैंकले आफ्नो प्रणाली सुस्त भएको रिपोर्ट गरेको छ। युक्रेनमा साइबर हमला भए रूसी कदमको प्रतिकार गर्ने अमेरिकी राष्ट्रपति जोन बाइडनले चेतवानी दिनुभएको छ।

हाम्रा कम्पनीहरू वा महत्वपूर्ण पूर्वाधारविरुद्ध रूसले अमेरिका वा हाम्रा सहयोगीलाई साइबर आक्रमणहरू जस्ता माध्यमबाट आक्रमण गर्छ भने हामी जवाफ दिन तयार छौं,' एउटा टेलिभिजन सम्बोधनमा राष्ट्रपति बाइडनले भन्नुभएको छ।

यता राष्ट्रसंघका महासचिव एन्टोनियो गुट्रेसले रसिया र युक्रेनबीचको बढ्दो तनावप्रति गम्भीर चासो देखाउनुभएको छ। रसियाका विदेशमन्त्री सर्गेइ लाभरोभ र युक्रेनका विदेशमन्त्री दिमत्रो कुलेबासँगको टेलिफोन वार्तामा महासचिव गुटरेसले यस्तो चासो देखाएको उहाँका प्रवक्ताले जानाकारी दिएका छन्।

वार्तामा महासचिव गुटरेसले वर्तमान संकट समाधानका लागि वार्तालाई मुख्य जोड दिएको प्रवक्ता स्टेफेन डुजारिकले बताउनुभयो। 'युक्रेनमा बढ्दो तनावबारे महासचिवले दुवै देशका विदेशमन्त्रीसँगको वार्तामा गम्भीर चासो देखाएउनुभएको थियोए', डुजारिकले भन्नुभयो। सो अवसरमा तनाव शान्त पार्न जारी कूटनीतिक वार्ताको महासचिवले स्वागत गर्दै कूटनीतिको कुनै विकल्प नभएको बताउनुभयो। (एजेन्सी)